नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, पाल्पा

## वार्षिक बुलेटिन २०८१/०८२



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

☎ ०७५ ५२०१२३, ५२०१२४, ५२०१२५

च.नं.
प.स. २०८२/०८३

Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/dao.palpa.184

## प्रमुख जिल्ला अधिकारीको भनाई

जिल्लामा शान्ति सुरक्षा, सुव्यवस्था कायम गर्नु, अपराध नियन्त्रण गर्नु, कार्यालयवाट प्रवाह हुने नागरिकता, राहदानी, राष्ट्रिय परिचय पत्र वितरण सम्बन्धी कार्य गर्नु, विपद् व्यवस्थापन गर्नु, विकास निर्माण कार्यमा सहजिकरण गर्नु, बजारमा अस्वभाविक मूल्य वृद्धि, मिसावट हुन नदिन नियमित बजार अनुगमन गर्नु, कानूनले तोके बमोजिमका मुद्दा फछयौट गरी अर्धन्यायिक निकायको भूमिका सम्पादन गर्नु, जिल्ला प्रशासन कार्यालय, पाल्पाका प्रमुख कार्यहरु हुन। पाल्पा जिल्लामा, २०६२ साल माघ १८ गते तत्कालिन द्धन्द्धरत पक्षवाट जिल्ला आक्रमण हुंदा पाल्पा दरवार ध्वस्त भएको र जिल्ला प्रशासन कार्यालयको कार्यालय समेत दरवार भित्रै रहेकोले सम्पूर्ण अभिलेख नष्ट भएकोले उक्तअवधि अगावै यस जिल्लाबाट जारी भएका नागरिकताको हकमा पुनः अभिलेखीकरण गरी नयाँ नागरिकता जारी गर्नुपर्ने भएकोले यस कार्यालयमा नागरिकता बनाउने सेवाग्राहीको संख्या ठूलो छ। यसैगरी राज्यले सवै प्रकारको सेवा सुविधा लिनुपर्दा, वैङ्कमा खाता खोल्दा, राहदानी बनाउदा, सामाजिक सुरक्षा भत्ता लिंदा समेत राष्ट्रिय परिचयपत्र अनिवार्य गरेकोले राष्ट्रिय परिचयपत्र बनाउने सेवाग्राहीको संख्या पनि ठूलै छ। यसैगरी अध्ययन गर्न, कामदारको रुपमा वा भिजिट भिसामा विदेश जानेहरुको संख्या ठूलै भएकोले राहदानी लिने सेवाग्राहीको संख्या पनि ठूलै छ। सेवाग्राहीको समस्यालाई मध्यनजर गरी मिति २०८२ साल पौष ३ गते देखि ईलाका प्रशासन कार्यालय, रामपुरको प्रशासकीय भवन उद्घाटन गर्दा रामपुरवाट राहदानी र राष्ट्रिय परिचयपत्रको विवरण प्रविष्ट गर्ने र वितरण गर्ने व्यवस्था समेत मिलाइएको छ। यस जिल्लामा बर्षातको समयमा हुने बाढिपहिरो, डुवान लगायतको विपद र हिउँदको समयमा हुने वनडढेलो तथा आगलागी नियन्त्रण गर्ने मुख्य विपद्का घटना रहेकोमा यस आ.ब.मा विपदका ठूला समस्या भोग्नु परेन, समयमै विपद व्यवस्पापन गर्न सकियो। विकास निर्माण कार्यमा समन्वय सहजिकरण गर्ने कार्य भयो। यस कार्यालयमा विनियोजित बजेटमा पूंजिगत खर्च र चालू खर्चमा ९१ प्रतिशत प्रगति हासिल भएको छ। गृह सचिवज्यू र प्र.जि.अ. वीच हुने कार्य सम्पादन सम्झौताका सूचक (CPAS) मा सवै सूचकका कार्य गरी उत्कृष्ट नतिजा हासिल गर्ने गरी कार्य गरिएको छ। जिल्लामा सवै सुरक्षा निकायसंग समन्वय गरी शान्ति सुरक्षा कायम गर्ने गरी योजना बनाई कार्य गरेको एवं जनशक्ति खटाएकोले शान्ति सुरक्षा भंग गर्ने त्यति ठूलो घटना घटेको छैन। जिल्लामा सेवा प्रवाह र सुशासनको अवस्था सन्तोषजनक रहेको छ। समग्रमा जिल्लास्थित सुरक्षा निकाय, राजनैतिक दल, संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरु, कार्यालय प्रमुखहरु, संघ संस्थाका पदाधिकारीहरु, जिल्लावासीको सहयोग एवं सुझबुझ पूर्ण व्यवहारले शान्ति सुव्यवस्था कायम गर्न, सेवा प्रवाह गर्न, विकास निर्माण कार्यमा सहयोग पुगेको छ।

अन्त्यमा यस कार्यालयवाट प्रवाह हुने सेवा प्रभावकारी तुल्याउन र समन्वय सहजीकरणमा सहयोग पुऱ्याउनु हुने जिल्ला सुरक्षा समितिका पदाधिकारीहरु, कर्मचारीहरु सवैलाई धन्यवाद दिन चाहान्छु। धन्यवाद।

............
तोय नारायण सुवेदी
प्रमुख जिल्ला अधिकारी

# जिल्ला प्रशासन कार्यालय पाल्पाका

# कर्मचारीहरु



# विषयसूची

१. जिल्ला प्रशासन कार्यालको कार्य र प्रकृति.......................................................................१

२. पाल्पा जिल्लाको संक्षिप्त चिनारी.......................................................................२

२.१ पाल्पा जिल्लाको नक्सा.......................................................................२

२.२ जिल्लाको संक्षिप्त परीचय.......................................................................२

२.३ प्रतिनिधि सभा/राष्ट्रिय सभा/प्रदेश सभा सदस्यहरुको विवरण.......................................६

२.४ पालिका प्रमुख/उप प्रमुखहरुतथा स्थानीय तहहरुको विवरण.......................................७

३. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार .......................................................८

४. जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट प्रदान गरिने सेवाको विवरणहरु .......................................९

४.१ शान्ति सुरक्षा सम्बन्धी कार्य .......................................................................९

४.२ स्थानीय प्रशासन सम्वन्धी कार्य.......................................................................९

४.३ अनुगमन सम्बन्धी कार्य.......................................................................९

४.४ बिपद् व्यवस्थापन सम्वन्धी कार्य.......................................................................९

४.५ द्धन्द पिडितहरुलाई राहत वितरण .......................................................................९

४.६ मुद्दा तथा ठाडो उजुरी सम्बन्धी.......................................................................१०

४.७ हातहतियार इजाजत तथा नविकरण सम्बन्धी .......................................................१०

४.८ संस्था दर्ता तथा नविकरण सम्बन्धी सेवा.......................................................................१०

४.९ राष्ट्रिय परिचय पत्र सम्बन्धी सेवा .......................................................................१०

४.१० विविध कार्य .......................................................................१०

५. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि.......................................................................१०

६. जिल्ला प्रशासन कार्यालय, पाल्पाको संगठनात्मक संरचना एवं दरवन्दी...................................१२

६.१ जिल्ला प्रशासन कार्यालय, पाल्पाको स्वीकृत कर्मचारी दरवन्दी र कार्य विवरण ............१३

७. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी .......................................................................१४

७.१ जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीहरुको नाम पद र सम्पर्क नम्वर.............१४

८. सेवा प्रदान गर्ने कार्यकक्षहरु.......................................................................१५

९. कार्यालय प्रमुख र सूचना अधिकारी .......................................................................१६

१०.सम्पादन गरेको कामको बार्षिक विवरण.......................................................................१६

१०.१ बार्षिक प्रगति विवरण.......................................................................१६

१०.२ यस आ.ब.को मा दर्ता भएका संघ संस्थाहरुको विवरण.......................................२१

११. सम्पादन गरेको कामको बार्षिक विवरण........................................................................२१
१२. विपद् व्यवस्थापन सम्बन्धी कार्यको विवरण ..........................................................२५
१३. विपद् व्यवस्थापनका लागि सम्पर्क व्यक्ति र नम्वर.......................................................२७
१३.१ स्थानीय प्रशासन अन्तर्गत...........................................................................२७
१३.२ स्थानीय तह अन्तर्गत ...............................................................................२७
१३.३ बिषयगत कार्यालयहरु अन्तर्गत.....................................................................२८
१३.४ अन्य ...................................................................................................२९
१३.५ विपद् व्यवस्थापनमा देखिएका समस्याहरु ......................................................२९
१३.६ जिल्ला/स्थानीय तहका प्रमुख विपद् घट्नाहरु.................................................२९
१३.७ जिल्ला तथा स्थानीय तहहरुबाट विपद् सम्बन्धी भए गरेका अन्य उलेख्य कार्यहरु........२९
१४. अत्यावश्यक वस्तुको आपूर्ति र बजार अनुगमन .......................................................२९
१५. यस कार्यालयले संचालन गरेको कार्यक्रमहरु.............................................................३१
१६. हाल सम्मका प्रमुख जिल्ला अधिकारीहरुको विवरण ..................................................३७
१७. जिल्ला प्रशासन कार्यालयको भवन र सवारी साधनको विवरण .......................................३७
१७.१ जग्गाको विवरण......................................................................................३८
१७.२ सवारी साधनको विवरण.............................................................................३९
१८. पाल्पा जिल्लामा रहेका संघीय र प्रदेश सरकार अन्तर्गतका सरकारी कार्यालय र प्रमुखहरुको सम्पर्क विवरण.........................................................................................३९
१९. स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुको सम्पर्क विवरण.....................................४१
२०. नवप्रवर्द्धनात्मक क्रियाकलापहरु..........................................................................४१
२१. तस्बीरहरु.....................................................................................................४५

## १. जिल्ला प्रशासन कार्यालय, पाल्पाको कार्य र प्रकृतिः-

जिल्लामा शान्ति र सुव्यवस्था कायम गरी जनताको जीउ धनको सुरक्षा गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो।नेपाल सरकार, गृह मन्त्रालय मातहतमा रहने गरी प्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालयको स्थापना गरिएको छ ।मुलत:स्थानीय प्रशासन ऐन, २०२८ ले यस कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ।जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने, नागरिकता प्रमाण सम्बन्धी सेवा प्रदान गर्ने, स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने, विपद् व्यवस्थापन गर्ने, सार्वजनिक शान्ति विरुद्धका कसुर, उपभोक्ता हित लगायत प्रचलित कानुनले प्रत्यायोजन गरे अनुसारका अर्धन्यायिक कार्यको शुरु कारवाही र निर्णय गर्ने साथै विकास निर्माणका कार्यहरुमा समन्वय, सहजीकरण गर्नु जिल्ला प्रशासन कार्यालय, पाल्पाका मुख्य-मुख्य कार्यहरु हुन्।

बिद्युतीय राहदानी सम्वन्धी सेवा, राष्ट्रिय परिचयपत्र र फोटो सहितको मतदाता नामावली सम्बन्धी ईकाईको सञ्चालन गरी सेवा प्रदान गर्ने, बिभिन्न प्रकारका सिफारिस तथा प्रमाणित गर्ने कार्य, सुशासन प्रर्वद्धन गर्न पहेरीदारी गर्ने, यस कार्यालयबाट सम्पादित सम्पूर्ण कार्यहरुका बारेमा सरोकारवालाहरुलाई सुसूचित गराई प्राप्त पृष्ठपोषणका आधारमा निरन्तर सुधार गरी प्रभावकारी बनाउने उद्धेश्य रहेको छ।यस कार्यालय अन्तर्गतको ईलाका प्रशासन कार्यालय रामपुर नगरपालिकामा रहेको छ ।

### दृष्टिकोण :-

नेपालको संविधान तथा कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्ने दृष्टिकोण रहेको छ ।

### लक्ष्य:-


नेपालको संविधान तथा कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्दै शान्ति सुरक्षा र सुशासन कायम गर्ने रहेको छ ।जनताको माग र आधारभूत आवश्यकता अनुरुप स्थानीय प्रशासनलाई सञ्चालन गरी जिल्लामा भरपर्दो शान्ति-सुरक्षा कायम गरी सुशासनको प्रत्याभूति दिने यस कार्यालयको लक्ष्य रहेको छ।

### उद्देश्य :-

जिल्लामा शान्ति-सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने, सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गराउने यस कार्यालयको मूलभूत उद्देश्यहरु रहेका छन्।

## २. पाल्पा जिल्लाको संक्षिप्त चिनारी :-

### २.१ पाल्पाको जिल्लाको नक्सा




### २.२ जिल्लाको संक्षिप्त परिचय:-

लुम्बिनी प्रदेशमा रहेका १२ जिल्ला मध्ये पाल्पा जिल्ला एक ऐतिहासिक महत्व बोकेको पहाडी जिल्ला हो। यस जिल्लाको सीमाना पूर्वमा तनहुं र नवलपरासी बर्दघाट सुस्ता पूर्व, पश्चिममा अर्घाखांची र गुल्मी, उत्तरमा स्याङ्गजा, दक्षिणमा रुपन्देही र नवलपरासी बर्दघाट सुस्ता पश्चिम जिल्लाहरु पर्दछन्। विश्व मानचित्रमा यो जिल्ला २७ डिग्री ४० मिनेट उत्तरदेखि २७ डिग्री ५७ मिनेट उत्तरी अक्षांश र ८३ डिग्री १४ मिनेट पूर्वदेखी ८४ डिग्री ०२ मिनेट पूर्वी देशान्तरबीच फैलिएको छ । यस जिल्लाको क्षेत्रफल १३७३ वर्ग कि.मी. रहेको छ । यो जिल्ला समुन्द्री सतहबाट करिव २०० मि. देखि २००० मि. उचाई सम्म फैलिएको छ। उष्ण जलवायु देखि समशितोष्ण हावापानी पाईने यस भूमिमा प्राकृतिक वनस्पती एवं जैविक विविधता पाईन्छ। यस जिल्लाको सरदर औषत तापक्रम २३ डिग्री सेल्सियस भएपनि गर्मीयाममा ३५ डिग्री सेल्सियस भन्दा बढी र जाडोयाममा ३.७ डिग्री भन्दा कम हुंदैन। सेनवंशी र मगराँती पृष्ठभूमि वोकेको पाल्पा जिल्लालाई इतिहास, कला, शिक्षा, संस्कृति, रहनसहन र सभ्यताको धनी मानिन्छ। पाल्पा जिल्ला राणाकालको चार कमाण्डरहरु मध्ये एक रहने तत्कालिन समयको सबै भन्दा ठूलो प्रशासनिक इकाईको रुपमा रहेको थियो। सुदुर पश्चिमका जनताले गल्ती गरेमा पाल्पा चलान गर्ने भन्ने भनाईले पनि यो पश्चिम नेपालकै राजधानीकोरुपमा रहेको पुष्टि हुन्छ। सत्यवती ताल, सीता कुण्ड र प्रभास ताल यस जिल्लाका मुख्य ताल तथा

कुण्डहरु हुन्। रामपुर, माडी, अर्गली, कचल, दर्पुक जस्ता फाँट र कालीगण्डकी तट यहाँको कृषि उत्पादनको हिसावले मुख्य अन्न भण्डार हुन् ।हृषीकेश मन्दिर, रम्भादेवी मन्दिर,कालभैरव मन्दिर र उक्त मन्दिरमा रहेको एशियाकै सबै भन्दा ठूलो पित्तलको त्रिशुल, अर्गली दरवार, रानीघाट स्थित रानीमहल, गोखुङ्गा, रिम्घालेक, रिव्दीकोट, हात्तीलेक, बल्ढेङ्गगढी रकोलडांडाकोसत्यवती ताल जस्ता ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलको छुट्टै महत्व रहेको छ। स्थानीय तहको पुनः संरचना पश्चात दुई वटा संघीय निर्वाचन क्षेत्र र ४ वटा प्रादेशिक निर्वाचन क्षेत्र रही १० वटास्थानीय तहमा विभाजन गरिएको पाल्पा जिल्लामा २ नगरपालिका र ८ गाउँपालिका अन्तर्गतका ८१ वटा वडाहरू रहेका छन ।

तानसेन यस जिल्लाको सदरमुकाम हो। प्राकृतिक सुन्दरताको दृष्टिले असाध्यै सुन्दर यस तानसेनलाई नेपालको दार्जिलिङ्ग पनि भन्ने गरिन्छ। यसै शहरको मुकुटको रुपमा रहेको श्रीनगरडाँडा यहांको आकर्षण तथा गहना हो। श्रीनगरडाँडा प्राकृतिक छटाले भरिपूर्ण छ। जहाँबाट धौलागिरी, माछापुच्छ्रे, अन्नपूर्ण जस्ता हिमश्रृंखलाहरुको दृश्यावलोकन गर्न सकिन्छ। तानसेनको ऐतिहासिक पृष्ठभूमी अत्यन्त रोचक छ। मुसलमानहरुले भारतमा आक्रमण गर्दा धेरै राज्यका हिन्दु वंशहरु उत्तरी क्षेत्रतर्फ भागेर आए। पन्ध्रौ शताब्दीमा तिनीहरु हिमाली प्रदेशतर्फ प्रवेश गरे र तिनीहरुले आफनै छुट्टै राज्य स्थापना गरे। त्यस समयमा रुद्र सेनले पाल्पामा सेन वंशीय राज्य विस्तार गरे जसको राजधानी तानसेन बन्न पुग्यो। पौराणिक किम्बदन्ती अनुसार तानसेन भन्ने शब्द सेन वंशका राजाको नामबाटताम्रसेनको रुपमा रहेको थियो। अर्को मान्यता अनुसार मगर शब्द तान्सिङबाट तानसेन बन्न गयो भन्ने पनि रहेको छ। जसको अर्थ उत्तरी बस्ती भन्ने बुझाउँछ। पाल्पा दरवार (खडग शमशेरद्वारा निर्माण र प्रताप शमशेरद्वारा पुननिर्माण गरिएको पाल्पा दरवार),अमरसिंह थापाले निर्माण गरेको अमरनारायणको कलात्मक मन्दिर र अमरनारायण पौवा (अमरगञ्ज), कर्णेल उजिरसिंह थापाले निर्माण गरेको रणउजिरेश्वरी भगवती मन्दिर, निशान भगवती मन्दिर , बग्गी ढोका, मूलढोका, विजय स्तम्भ, सितलपाटी, पश्चिमी शैलीमा निर्माण भएको त्रिभुवन बहुमुखी क्याम्पस, ढुंगा छापिएका सडक र गल्ली, गुफाचौर, माण्डव्य तपोभुमी , पारीलेक वनका साथै काली गण्डकी नदीको किनारमा खडग शमशेरद्वारा आफ्नो प्रिय रानी तेजकुमारी देवीको सम्झनामा निर्माण गरिएको रानीमहल दरवार (यसलाई नेपालको ताजमहल पनि भनिन्छ), प्रभासताल आदि यहाँका दर्शनीय स्थल एवं महत्वपूर्ण संरचनाहरु हुन ।हातले बुनेको ढाका टोपी र ढाकाको कपडा (जसलाई पाल्पाली ढाका पनि भनिन्छ) र करुवाको लागि यो ठाउँ प्रख्यात छ। महत्वपूर्ण र दर्शनिय स्थलहरुको कारणले यो क्षेत्र पर्यटकीय गन्तव्यको रुपमा पनि अगाडी बढ्दै छ। शैक्षिक केन्द्रको रुपमा अग्रणी भूमिका खेल्दै आएको सदरमुकामको आसपासमा अवस्थित मेडिकल कलेज तथा नर्सिङ्ग कलेजहरुमा विद्यार्थीहरु अध्ययनको लागि देशका विभिन्न स्थानहरुबाट यहाँ आउने गरेकोले पश्चिम पहाडमा यो जिल्ला शैक्षिक केन्द्रको रुपमा पनि थप विकसित हुंदै गईरहेको छ ।

सबै भन्दा बढि ५३.३% मगर जातिले बसोबास गर्ने यस जिल्लाका अधिकांश मानिस कृषि पेशामा संलग्न रहेका छन्। बैदेशिक रोजगारको लागि छिमेकी राष्ट्र भारत तथा खाडी राष्ट्रमा गएका मानिसहरुको संख्या पनि उल्लेख्य रहेको पाईन्छ। यस जिल्लामा बुटवल स्याङ्गजा हुंदै पोखरा जाने सिद्धार्थ राजमार्ग र तानसेन हुंदै गुल्मी जाने दुई मुख्य राजमार्गहरु रहेका छन् ।राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार पाल्पा जिल्लाको कूल जनसंख्या २,४५,०२७ रहेको छ। जसमध्ये पुरुष १,१२,७६१ (४६.०१%) र महिला १,३२,२६६ (५३.९८%)रहेका छन् ।

## पाल्पा जिल्लाका धार्मिक तथा पर्यटकीय स्थलहरु



भैरब मन्दिर



भगवती मन्दिर




निशान भगवती



हृषीकेश मन्दिर




पाल्पा दरवार संग्रालय



ताल पोखरा



उत्तर बाहिनि कालिगण्डकी नदी




रानीमहल



सदरमुकाम तानसेन



सिद्धबाबा मन्दिर



रम्भादेवी मन्दिर



कौडेलेक

## भौगोलिक अवस्था

अक्षांस :२७ डिग्री ४० मिनेट देखि २७ डिग्री ५७ मिनेट उत्तरी अक्षांश
देशान्तरः ८३ डिग्री १४ मिनेट देखि ८४ डिग्री २ मिनेट पूर्वी देशान्तर
सीमानाः पूर्व - तनहुं र नवलपरासी वर्दघाट सुस्ता पूर्व
पश्चिम - अर्घाखांची र गुल्मी
उत्तर - स्याङ्जा
दक्षिणमा - रुपन्देही र नवलपरासी वर्दघाट सुस्ता पश्चिम
क्षेत्रफलः १३७३ वर्ग कि.मी.
उचाइ : समुन्द्री सतहबाट करिब २०० मि. देखि २००० मि. सम्म फैलिएको

## २.३. प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य, प्रदेश सभा सदस्य तथा प्रदेश सभा समानुपातिक सदस्यहरुको विवरण

### प्रतिनिधि सभा सदस्यः प्रत्यक्ष तर्फ

| सि.नं. | दल | निर्वाचन क्षेत्र नं. | नाम, थर | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | ने.क.पा.एमाले | १ | माननीय नारायण प्रसाद आचार्य | ९८५७०६०५८४ |
| २ | ने.क.पा.एमाले | २ | माननीय ठाकुर प्रसाद गैरे राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति | ९८५७०६०९८८ |

### राष्ट्रिय सभा सदस्य

| सि.नं. | दल | नाम, थर | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | ने.क.पा.समाजवादी | माननीय राजेन्द्रलक्ष्मी गैरे | ९८५७०६५२५५ |

### प्रदेश सभा सदस्य : प्रत्यक्ष तर्फ

| सि.नं. | दल | निर्वाचन क्षेत्र नं. | नाम, थर | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | ने.क.पा.एमाले | १ क | माननीय राजु प्रसाद श्रेष्ठ (सभापति, अर्थ, उद्योग तथा पर्यटन समिति) | ९८५७०६०५११ |
| २ | ने.क.पा.एमाले | १ क | माननीय खेम बहादुर सारु (स्वास्थ्य मन्त्री लुम्बिनी प्रदेश) | ९८५७०६०४४४ |
| ३ | नेपाली काँग्रेस | २ क | माननीय बिर बहादुर राना | ९८५७०६०७७५ |
| २ | ने.क.पा. माओवादी | २ ख | माननीय तुलाराम घर्ति मगर (प्रदेश सभामुख) | ९८५७०८५४९८ |

### प्रदेश सभा सदस्य : समानुपातिक तर्फ

| सि.नं. | दल | नाम, थर | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | ने.क.पा.एमाले | माननीय ईन्द्रा गहतराज | ९८५७०८५४९८ |

## २.४. पालिका प्रमुख /उप प्रमुखहरु तथा स्थानीय तहहरुको विवरण

| सि.नं. | स्थानीय तह | प्रमुख/उपप्रमुख अध्यक्ष/उपाध्यक्षको नाम | सम्पर्क नं. | क्षेत्रफल/वर्ग किलोमिटर | जनसंख्या | केन्द्र | वडा संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका | नगर प्रमुख सन्तोषलाल श्रेष्ठ | ९८५७०६०३५३ | १०९.८ | ५०७९२ | तानसेन | १४ |
| | | उप प्रमुख प्रतिक्षा सिंजाली | ९८४७१०२८४९ | | | | |
| २ | रामपुर नगरपालिका | नगर प्रमुख रमण बहादुर थापा | ९८५१०३३९२१ | १२३.३४ | ४०८८३ | रामपुर | १० |
| | | उप प्रमुख बाल कुमारी थापा | ९८४७१८०५८८ | | | | |
| ३ | रैनादेवी छहरा गाउँपालिका | अध्यक्ष रुकमांगत भट्टराई | ९८४९०७७०२९ | १७५.८८ | २३१४९ | छहरा | ८ |
| | | उपाध्यक्ष युवराज थापा | ९८५७०६२०६३ | | | | |
| ४ | रिब्दीकोट गाउँपालिका | अध्यक्ष नारायण बहादुर कार्की | ९८५७०६०३८३ | १२४.५५ | १५४७३ | खस्यौली | ८ |
| | | उपाध्यक्ष कान्ता अधिकारी | ९८५७०६२३५८ | | | | |
| ५ | तिनाउँ गाउँपालिका | अध्यक्ष प्रेम श्रेष्ठ | ९८५७०६०६५८ | २०२ | १७७७७ | दोभान | ६ |
| | | उपाध्यक्ष लाल बहादुर | ९८४७१५१०२५ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | थापा | | | | | |
| ६ | निस्दी गाउँपालिका | अध्यक्ष मुक्त बहादुर सारु | ९८५७०४८०१२ | १९४.५ | १८१२० | मित्याल | ७ |
| | | उपाध्यक्ष तिरन कुमारी श्रेष्ठ | ९८४०१९३५०४ | | | | |
| ७ | पूर्वखोला गाउँपालिका | अध्यक्ष नुन बहादुर थापा | ९८५७०६५५४४ | १३८.५ | १६०५२ | रिङ्नेरह | ६ |
| | | उपाध्यक्ष भागिरथी शर्मा भट्टराई | ९८५७०६९०४५ | | | | |
| ८ | बगनासकाली गाउँपालिका | अध्यक्ष सरस्वती चिदी | ९८४७०४२२६६ | ८४.१७ | १८४९७ | चिर्तुङधारा | ९ |
| | | उपाध्यक्ष हरि पाठक | ९८५७०६८४७७ | | | | |
| ९ | माथागढी गाउँपालिका | अध्यक्ष यम बहादुर चिदी | ९८५७०६०२३१ | २१५.५९ | २४०५३ | झडेवा | ८ |
| | | उपाध्यक्ष बिष्णुमायाँ लुईचे | ९८६७०४०१६४ | | | | |
| १० | रम्भा गाउँपालिका | अध्यक्ष बिष्णु भण्डारी | ९८४७२२५७७९ | ९४.१२ | १७१५५ | पिपलडाँडा | ५ |
| | | उपाध्यक्ष राधा कुमारी श्रेष्ठ | ९८४७४९७०४३ | | | | |

**संस्थागत जनसंख्या - ३०७६**

## ३. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार

- जिल्लामा शान्ति,सुरक्षा र सुव्यवस्था कायम राख्ने ।
- जिल्लामा संचालित विकासको कार्यहरुमा सहयोग र समन्वय गर्ने
- जिल्ला भित्र रहेका नेपाल सरकारको सम्पत्तिहरूको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने।
- नेपाली नागरिकता प्रमाणपत्र जारी गर्ने ।
- नावालक परिचय पत्र जारी गर्ने
- बिघुतीयराहदानी सम्बन्धी कार्य गर्ने ।
- हातहतियारको इजाजत प्रदान तथा नविकरण गर्ने ।
- जिल्लामा आइपर्ने विपद्हरुको व्यवस्थापन गर्ने ।
- जिल्लामा बस्तुहरुको आपूर्तीलाई व्यवस्थित गर्ने ।
- जिल्ला स्थित सार्वजनिक निकायहरुको कार्य सम्पादनमा समन्वय गर्ने ।
- प्रचलित कानून, नीति, निर्देशन बमोजिम नेपाल सरकारको प्रतिनिधिको रुपमा कार्य गर्ने ।

- सस्था दर्ता ऐन, २०३४ बमोजिम संस्था दर्ता तथा नविकरण गर्ने
- स्थानीय प्रशासन ऐन र अन्य प्रचलित कानून बमोजिम प्रमुख जिल्ला अधिकारीको क्षेत्राधिकार भित्र पर्ने मुद्दा मामिलाको कारवाही र किनारा गर्ने ।
- प्रचलित कानुन र नेपाल सरकारको निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने ।

## ४.जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट प्रदान गरिने सेवाको विवरणहरु

### ४.१ शान्ति सुरक्षा सम्बन्धी कार्य:.

- जिल्लामा शान्ति-सुरक्षा कायम राख्ने ।
- सामाजिक अपराध न्यूनिकरणका लागि समुदाय स्तरमा सचेतीकरण गर्ने ।
- सुरक्षा निकायहरुको परिचाल गर्ने ।
- शान्ति-सुरक्षा सम्बन्धी निवेदन, ठाडो उजुरी र गुनासो व्यवस्थापन ।
- शान्ति सुरक्षा कायम गर्न स्थानीय तह, नागरिक समाज तथा सरोकारवालाहरुसँग सहकार्य गर्ने ।

### ४.२ स्थानीय प्रशासन सम्बन्धी कार्य:

- नागरिकता वितरण
- वंशजको आधारमा नागरिकता
- अंगिकृत नागरिकता
- गैर आवासिय नागरिकता
- राहदानी सिफारिश तथा वितरण।
- नाबालक परिचयपत्र।
- जनजाती/दलित/खस आर्य प्रमाणित ।
- साविकमा जारी भएका नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि।
- हातहतियार र खरखजानाको इजाजत, नविकरण र नियन्त्रण।
- संस्था दर्ता, संस्था नविकरण, विधान संशोधन, पत्रिका दर्ता, छापाखाना दर्ता र संचालन स्वीकृती।

### ४.३ अनुगमन सम्बन्धी कार्य: -

- बजार अनुगमन (स्थानीय तहको समन्वयमा)
- जिल्ला स्थित कार्यालयहरुको समन्वय र अनुगमन
- विकास निर्माण कार्यमा सहयोग, समन्वय र सहजीकरण

### ४.४ विपद् व्यवस्थापन सम्बन्धी कार्य: -

- जिल्ला विपद् सम्बन्धी कार्ययोजना निर्माण
- मनसुनपूर्व आपतकालीन कार्ययोजना
- विपद् न्यूनीकरणका लागि तयारी
- विपद प्रतिकार्य पूर्वयोजना, खोजी, उद्दार, सहयोग, क्षतिपूर्ति

### ४.५ द्वन्द्व पिडितहरुलाई राहत वितरण।

### ४.६ मुद्दा तथा ठाडो उजुरी सम्बन्धी

- सार्वजनिक मुद्दा।
- गुनासो वा ठाडो उजुरी।

### ४.७ हातहतियार इजाजत तथा नविकरण सम्बन्धी

- हातहतियार नामसारी, नविकरण र स्वामित्व हस्तान्तरण।

### ४.८ संस्था दर्ता तथा नविकरण सम्बन्धी सेवा

- संस्था दर्ता/नविकरण।
- संस्थाको विधान संशोधन।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति।

### ४.९ राष्ट्रिय परिचय पत्र सम्बन्धी सेवा

- नागरिकता प्रमाण पत्र लिएका व्यक्तिहरुको वैयक्तिक तथा जैविक विवरण संकलन गर्ने।
- राष्ट्रिय परिचयपत्र नम्बर र कार्ड वितरण गर्ने।

### ४.१० विविध कार्य

- गुनासो सुनुवाई गर्ने ।
- विकास आयोजनाहरुको कार्यान्वयनमा समन्वय गर्ने ।
- स्थानीय तहहरुसँग समन्वय गर्ने ।
- सरकारी निकायबाट हुने सार्वजनिक सेवा प्रवाहको अनुगमन गर्ने ।
- नेपाल सरकार, गृह मन्त्रालय, लुम्बिनी प्रदेश सरकार, संवैधानिक नियामक निकायहरु लगायत अन्य तालुक निकायबाट प्राप्त निर्देशन अनुसार कार्य गर्ने तथा प्रतिवेदन गर्ने ।

## ५. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः-

| सि.नं. | सेवाको किसिम | दस्तुर | सेवाको समय लागत |
|---|---|---|---|
| १ | नागरिकता प्रमाणपत्र | | |
| | क) वंशजको आधारमा | रु. १० को हुलाक टिकट | अंग पुगी पेश भएको १ घण्टाभित्र |
| | ख) बैवाहिक अङ्गिकृत नागरिकताको हकमा | रु. १० को हुलाक टिकट | अंग पुगी पेश भएको १ घण्टाभित्र |
| | ग) नागरिकताप्रतिलिपि | रु. १० को हुलाक टिकट | अंग पुगी पेश भएको १ घण्टाभित्र |
| २ | क) नाताप्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ख) नाबालक परिचयपत्र | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ग) नाम थर प्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | घ) पेन्सन सम्बन्धि कागजात | रु. १० को हुलाक टिकट | आवश्यक कागजात सहित निवेदन पेश |

| | | | |
|---|---|---|---|
| | सिफारिस | | भएको १ घण्टाभित्र |
| | ङ) अन्यविवरणप्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | च) जनजातीरदलितप्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| ३ | क)ठाडो उजुरी | रु. १० को हुलाक टिकट | १५ मिनेट भित्रै |
| | ख) संस्था दर्ता | रु १०००/- | अंग पुर्याई पेश भएकोमा सोही दिन (प्रहरीप्रतिवेदन र सम्बन्धित निकायबाट जवाफ प्राप्त भएको दिन) |
| | ग) संस्था नविकरण | रु ५००/- | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | घ) पत्रिका दर्ता | रु १०००/-, ७५०/-, ५००/-, ३००/- र २००/- क्रमशः दैनिक, अर्ध साप्ताहिक, साप्ताहिक, पाक्षीक र मासिक र अन्य | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ङ) छापाखाना दर्ता | रु १०००/- | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | च) हातहतियार इजाजत | तोकिए बमोजिम | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | छ) हातहतियारनवीकरण | तोकिए बमोजिम | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ज) शैक्षिक योग्यताको प्रमाणपत्रको आधारमा नाम, थर र उमेर संशोधन | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| ४ | विद्युतीय राहदानी | रु १२००/- | पालो आउना साथ (सर्वर चलेको अवस्थामा १० मिनेट) |
| | क) केन्द्रबाट लिनको लागि | रु १०००/- | पालो आउना साथ (सर्वर चलेको अवस्थामा १० मिनेट) |
| | ख) बिग्री च्यातिई काम नलाग्ने भएको वा हराएको | रु ५०००/- | पालो आउना साथ (सर्वर चलेको अवस्थामा १० मिनेट) |
| ५ | ग) यसै कार्यालयबाट लिने वा म्याद नाघेको राहदानी | रु. १० को हुलाक टिकट | आवश्यक कागजात सहित निवेदन पेश भएको १ घण्टाभित्र |

## ६. जिल्ला प्रशासन कार्यालय पाल्पाको संगठनात्मक संरचना एवं दरबन्दी:-

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय पाल्पा**

प्रमुख जिल्ला अधिकारी
रा.प.प्रथम, प्रशासन, सा.प्र.-१

निजी सहायक ना.सु.( प्र.सा.प्र. रा. प. अनं. प्र.)-१ ह.स.चा. श्रेणी विहिन-१, का.स. श्रेणी विहिन-१

सहायक प्रमुख जिल्ला अधिकारी
रा.प. द्वितीय, प्र.सा.प्र.-१

प्रशासकीय अधिकृत /रा.प.तृतीय)
प्र. सा.प्र.-१

- **स्थानीय प्रशासन तथा शा.सु. शाखा**
  ना.सु. (प्र. सा.प्र. रा.प.अनं.प्र.)-१ खरिदार ( प्र. सा.प्र. रा.प.अनं.द्वि.)-१ का.स. श्रेणी विहीन-१ ह.स.चा. श्रेणी विहीन-१
- **नागरिकता तथा प्रतिलिपि शाखा**
  ना.सु. (प्र. सा.प्र. रा.प.अनं.प्र.)-२ क.अ. (विविध रा.प.अनं.प्र.)-१ खरिदार (प्र. सा.प्र. रा.प.अनं.द्वि).-१ का.स. श्रेणी विहीन-१
- **आर्थिक प्रशासन शाखा**
  लेखापाल( प्र. लेखा रा.प.अनं.प्र.)-१ का.स.श्रेणी

प्रशासकीय अधिकृत /रा.प.तृतीय),
प्र. सा. प्र.-१

- **राहदानी तथा जिन्सी दर्ता शाखा**
  ना.सु.( प्र.सा.प्र.रा.प.अनं.प्र.)-१ क.अ.( विविध रा.प.अनं.प्र.)-१ खरिदार (प्र.सा.प्र.रा.प.अनं.द्वि)१
- **गुनासो सुनुवाइ तथा अभिलेख व्यवस्थापन शाखा**
  ना.सु. (प्र. सा.प्र. रा.प.अनं.प्र)-२ का.स. श्रेणी विहीन-१
- **मुद्दा तथा हातहतियार शाखा**
  ना.सु. (प्र. सा.प्र. रा.प.अनं.प्र)-१ खरिदार (प्र.सा.प्र. रा.प.अनं.द्वि)१ का.स. श्रेणी विहीन-१

## ६.१ जिल्ला प्रशासन कार्यालय, पाल्पाको स्वीकृत कर्मचारी दरबन्दी र कार्य विवरण:-

| सि.नं. | पद | श्रेणी | संख्या | पूर्ति | कार्य बिवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प. प्रथम | १ | १ | जिल्लामा शान्ति सुव्यवस्था, सुशासन र सेवा प्रवाह प्रभावकारी तुल्याउने | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्धितीय | १ | १ | प्रमुख जिल्ला अधिकारीबाट प्रत्यायोजित अधिकार बमोजिमका कार्यहरु गर्ने। | |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतिय | २ | २ | प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिमका कार्यहरु शाखा प्रमुख भई सम्पादन गर्ने। | |
| ४ | नायब सुब्बा | रा.प.अनं प्रथम | ७ | ७ | सम्वन्धित शाखाले गर्न तोकिएका कार्यहरु सम्पादन गर्ने। | |
| ५ | लेखापाल | रा.प.अनं प्रथम | १ | १ | आर्थिक कार्यविधि ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन नियमावली बमोजिम लेखा सम्बन्धि कार्य गर्ने | |
| ६ | कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | २ | १ | सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धि कार्य गर्ने । | १ करार सेवामा |
| ७ | खरिदार | रा.प.अनं.द्धितीय | ४ | ४ | सम्वन्धित शाखाले गर्न तोकिएका कार्यहरु सम्पादन गर्ने। | |
| ८ | हलुका सवारी चालक | श्रेणी विहिन | २ | २ | सवारी साधन चलाउने र आवश्यकता अनुसार कार्यालयको अन्य कामकाज गर्ने। | २ करार सेवामा |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | ७ | ७ | कार्यालयको सरसफाइ लगायत आवश्यकता अनुसार कार्यालयको अन्य कामकाज गर्ने। | |
| | जम्मा स्थायी दरबन्दी संख्या | | २७ | २७ | | |
| १० | राष्ट्रिय परिचय पत्र विवरण दर्ता अपरेटर | | २ | २ | नेपाली नागरिकहरुको राष्ट्रिय परिचय पत्र दर्ता प्रविष्ट गर्ने | |
| ११ | राष्ट्रिय परिचय पत्र दर्ता सहयोगी | | १ | १ | नेपाली नागरिकहरुको राष्ट्रिय परिचय पत्र दर्ता प्रविष्ट गर्न सहयोग गर्ने | |

## ७. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | शाखा | जिम्मेवार अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|
| १ | नागरिकता तथा प्रतिलिपी शाखा, प्रशासन शाखा | दिनेश ज्ञवाली, प्रशासकीय अधिकृत (९८४९१९१६६५) | सहायक प्रमुख जिल्ला अधिकारी ऋषिराम सुवेदी ९८५७०६०३३३ |
| २ | मुद्दा,संघ संस्था तथा हातहतियार शाखा | रमा श्रेष्ठ, प्रशासकीय अधिकृत (९८५७०६५५९०) | |
| ३ | राहदानी तथा जिन्सी दर्ता शाखा | रमा श्रेष्ठ, प्रशासकीय अधिकृत (९८५७०६५५९०) | |
| ४ | अभिलेख व्यवस्थापन शाखा | दिनेश ज्ञवाली, प्रशासकीय अधिकृत (९८४९१९१६६५) | |
| ५ | आर्थिक प्रशासन शाखा | सूर्य प्रसाद गैरे, लेखापाल (९८५७०४८९४९) | |
| ६ | राष्ट्रिय परिचयपत्र | मधु पाण्डे विवरण दर्ता अपरेटर (९८६६२६७६७९) | |

## ७.१ जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीको नाम, पद र सम्पर्क नम्वर

| क्र.सं. | पद | नाम थर | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | तोय नारायण सुवेदी | ९८५७०५७७७७ |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | ऋषिराम सुवेदी | ९८५७०६०३३३ |
| ३ | प्रशासकीय अधिकृत | रमा श्रेष्ठ | ९८५७०७९२९२ |
| ४ | प्रशासकीय अधिकृत | दिनेश ज्ञवाली | ९८५७०७९२९३ |
| ५ | नायब सुब्बा | चन्द्र प्रसाद भुषाल | ९८५७०७९२९५ |
| ६ | नायब सुब्बा | सुकुनराज अर्याल | ९८५७०७९२९६ |
| ७ | नायब सुब्बा | टेक बहादुर घर्ती | ९८६७१९०७७९ |
| ८ | नायब सुब्बा | इन्दिरा श्रेष्ठ कार्की | ९८४७१०३३७१ |
| ९ | नायब सुब्वा | जीवन ज्ञवाली | ९८५७०६५००९ |
| १० | लेखापाल | सुर्य प्रसाद गैरे | ९८५७०७९२९४ |
| ११ | खरिदार | टंक नाथ घिमिरे | ९८४७१०१९५० |
| १२ | खरिदार | शैलेश बर्ई बर्मा | ९८४४७८८४६१ |
| १३ | कम्प्युटर अपरेटर (करार) | योगमागा गाहा | ९८४७१००८४९ |

| | | | |
|---|---|---|---|
| १४ | दर्ता अपरेटर (करार) | मधु पाण्डे | ९८६६२६७६७९ |
| १५ | कम्प्यूटर अपरेटर (करार) | अमृता पोखेल | ९८६७७८८४०६ |
| १६ | हलुका सवारी चालक (करार) | कृष्ण बहादुर राना | ९८४४७८९९९९ |
| १७ | हलुका सवारी चालक (करार) | सुरेश खाती | ९८६०७८११५० |
| १८ | कार्यालय सहयोगी (करार) | देवकी श्रेष्ठ कर्माचार्य | ९८४७८३८६३५ |
| १९ | कार्यालय सहयोगी (करार) | नेत्र बहादुर खाती | ९८४७०६७६३५ |
| २० | कार्यालय सहयोगी (करार) | अमर बहादुर बोहरा | ९८६७२०६४९० |
| २१ | कार्यालय सहयोगी (करार) | एक बहादुर गाहा | ९८४७२२२८९१ |
| २२ | कार्यालय सहयोगी (करार) | दिना देवी नकर्मी | ९८४४७२०५३७ |
| २३ | दर्ता सहयोगी (करार) | सबिना खाती | ९७४९७८७८६५ |

## ८. सेवा प्रदान गर्ने कार्यकक्षहरु

| कोठा नं. | कार्यकक्ष विवरण | कैफियत |
|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारीको कार्यकक्ष | दोस्रो तला |
| २ | इजलास कक्ष | दोस्रो तला |
| ३ | सभाहल | दोस्रो तला |
| ४ | सहायक प्रमुख जिल्ला अधिकारीको कार्यकक्ष | पहिलो तला |
| ५ | हातहतियार, मुद्दा तथा संघ संस्था शाखा | पहिलो तला |
| ६ | आपतकालिन कार्य सन्चालन केन्द्र | पहिलो तला |
| ७ | अभिलेख शाखा | पहिलो तला |
| ८ | जिन्सी शाखा | पहिलो तला |
| ९ | आर्थिक प्रशासन शाखा | पहिलो तला |
| १० | प्रशासन शाखा | भूईतला |
| ११ | प्रशासकीय अधिकृतको कार्यकक्ष | भूईतला |
| १२ | सूचना प्रविधि शाखा | भूईतला |
| १३ | नागरिकता शाखा | भूईतला |
| १४ | राहदानी शाखा | भूई तला |
| १५ | राष्ट्रिय परिचयपत्र दर्ता | भूईतला |
| १६ | प्रशासकीय अधिकृतको कार्यकक्ष | भूईतला |

## ९. कार्यालय प्रमुख र सूचना अधिकारी :-

क) कार्यालय प्रमुखः-

नाम : तोय नारायण सुवेदी

पद : प्रमुख जिल्ला अधिकारी

ख) सूचना अधिकारीः-

नाम : ऋषिराम सुवेदी

पद : सहायक प्रमुख जिल्ला अधिकारी

## १०. सम्पादन गरेको कामको बार्षिक विवरणः-

### १०.१. बार्षिक प्रगती विवरण

| आर्थिक बर्ष २०८१/०८२ को बार्षिक प्रगति | | | |
|---|---|---|---|
| क्र.सं. | | कार्यको विवरण | संख्या |
| १ | **प्रशासन शाखा** | नाबालिक परिचय पत्र | २५५ |
| २ | | नाबालिक परिचय पत्र प्रतिलिपि | ५ |
| ३ | | व्यक्ति प्रमाणित लगायत पेन्सन सिफारिस | २७९० |
| १ | **नागरिकता शाखा** | बंशजको आधारमा नयाँ नागरिकता वितरण | १४९०३ |
| २ | | प्रतिलिपि नागरिकता वितरण | ५३०६ |
| ३ | | नागरिकता त्याग | १७ |
| ४ | | गैर आवासिय नागरिकता वितरण | १७ |
| ५ | | वैवाहिक अंगिकृत नागरिकता वितरण | १२ |
| १ | **राहदानी शाखा** | विद्युतिय राहदानी दर्ता | ८०७७ |
| २ | | विद्युतिय राहदानी द्रुत सिफारिस | २२३ |
| ३ | | एम.आर.पि./विद्युतीय राहदानी वितरण | ८९४१ |
| १ | **राष्ट्रिय परिचयपत्र** | राष्ट्रिय परिचयपत्र विवरण संकलन | २३१०९ |
| २ | | राष्ट्रिय परिचयपत्र वितरण | ५०७७ |
| १ | **मुद्दा शाखा** | संस्था दर्ता | १४ |
| २ | | संस्था नविकरण | १५४ |
| ३ | | संस्थाको विधान संशोधन | ७ |
| ४ | | संस्थाको शाखा थप | - |
| ५ | | गत बर्षवाट जिम्मेवारी सरेका मुद्दा | - |
| ६ | | जिम्मेवारी सरी आएका पुराना मुद्दा फैसला | - |
| ७ | | चालु आ.ब.मा भएको मुद्दा दर्ता | २५ |

| | | | |
|---|---|---|---|
| ८ | | यस आ.ब.मा मुद्दा फैसला | २५ |
| ९ | | हातहतियार नविकरण | ३० |
| १० | | विस्फोटक पदार्थ फोरम्यान (नाइके)इजाजत पत्र | - |
| ११ | | विस्फोटक पदार्थ इजाजत पत्र फोरम्यान (नाइके) नविकरण | १५ |
| १२ | | उमेर, नाम र जात सच्याउने | ४४ |
| १३ | | घटना दर्ता रद्द | - |
| १४ | | ठाडो उजुरी परेको संख्या | १२ |
| १ | **लेखा (राजश्व तर्फ)** | परीक्षा शुल्क | ५,५००/- |
| २ | | राहदानी शुल्क | ४,८३,३०,०००/- |
| ३ | | अन्य प्रशासनिक सेवा शुल्क | ५४०/- |
| ४ | | प्रशासनिक दण्ड जरिवाना र जफत | ११,११,५२/- |
| ५ | | धरौटी सदरस्याहार | ४५५२३० /- |
| १ | **विपद् व्यवस्थापन तर्फ** | विपद् सम्बन्धी राहत वितरण (आगजनी, चटयाङ, बर्षा) १८ जना संघ तर्फ | २,३८,०००/- |
| २ | | विपदवाट मृत्यु भएका परिवार २ जनालाई राहत | ४,००,०००/- |
| १ | **कोभिड-१९** | कोभिड मृतक परिवार संख्या १३ जनालाई राहत | १३,००,०००/- |
| १ | **चालु/पूँजीगत खर्च** | पूँजिगत तर्फ कूल खर्च | १६,६७,०००/- (९१%) |
| २ | | चालु तर्फ कुल खर्च | २,०१,००,०००/-(९१%) |
| १ | **खाद्य तथा गुणस्तर सम्बन्धी अनूगमन तथा नियमन** | खाद्य नमूना संकलन | १२० |
| २ | | सर्विलेन्स सर्भिस संकलन | ८६ |
| १ | **अनुगमन/निरिक्षण** | संयुक्त बजार अनुगमन | २४ |
| २ | | कार्यालय अनुगमन | २३ |
| ३ | | सुरक्षा निकायको अनुगमन / वि.ओ.पि. निरीक्षण | १५ |
| ४ | | कारागारको निरीक्षण | २ |
| ५ | | संघ/संस्थाको अनुगमन | २४ |
| १ | **महत्वपूर्ण बैठकहरु** | कार्यालय प्रमुख बैठक | १२ |
| २ | | कार्यालय कर्मचारी बैठक | १२ |
| ३ | | जिल्ला सुरक्षा समितिको बैठक | ३६ |
| ४ | | लुम्बिनी प्रदेशका माननीय सभामुख, प्रमुख सचिव, माननीय सभासदहरु, जिल्ला समन्वय प्रमुख | १ |

| | | | |
|---|---|---|---|
| | | लगायतको | |
| ५ | | अन्तर जिल्ला सुरक्षा समितिको बैठक | ३ |
| ६ | | जिल्ला विपद् व्यवस्थापन समित (DDMC) को बैठक | ४ |
| ७ | | सूचना अधिकारीहरुसंगको बैठक | ४ |
| ८ | | जिल्ला स्थित क्रियाशिल पत्रकारहरुसंग बैठक | १ |
| ९ | | जिल्ला स्थित राजनीतिक दलहरुसंग बैठक | १ |
| १० | | जिल्ला विपद् व्यवस्थानको क्षेत्रमा क्रियाशिल सरकारी तथा गैर सरकारी संस्थाको बैठक | २ |
| ११ | | स्थानीय तहमा अपराध न्यूनिकरण सम्बन्धि सचेतना कार्यक्रम | ४ |
| १२ | | जिल्ला अनुगमन तथा मूल्याङ्कन समितिको बैठक | १ |
| १३ | | सर्वदलिय सर्वपक्षिय बैठक | ३ |
| १४ | | जिल्लामा भएको विद्युत वितरण प्रणालीको अवस्था एवम् निर्माणाधिन आयोजनाहरुको प्रगति र समयमै सम्पन्न गर्ने सम्बन्धमा सहजिकरण बैठक | १ |
| १५ | | जिल्ला स्तरीय राजस्व चुहावतको बैठक | ४ |
| १६ | | जग्गा सिफारिस र मुआब्जा तथा क्षतिपूर्ति निर्धारण समितिको बैठक | १४ |
| १७ | | राजमार्गमा (सडक) हुने अवरोध हटाउन जिल्ला स्तरीय समन्वय समितिको बैठक | ६ |
| १८ | | कसुरजन्य सम्पत्तिको जिल्ला स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको बैठक | ४ |
| १९ | | स्थानीय तहका प्रमुखहरुसंग समन्वय बैठक | |
| २० | | स्थानीय तहमा अपराध न्यूनिकरण सम्बन्धि सचेतना कार्यक्रम | ४ |
| २१ | | लागु औषध नियन्त्रणका लागि सुरक्षा निकाय र सरोकारवालाहरु बिच समन्वय बैठक | ४ |
| २२ | | लागु औषध नियन्त्रण सम्बन्धि युवा लक्षित सचेतना कार्यक्रम | ४ |
| २३ | | लागु औषध दुरुपयोग एवं ओसारपसार विरुद्धको कार्यक्रम | १ |

| | | | |
|---|---|---|---|
| २४ | | तानसेन नगरपालिकामा संचालित बैक तथा वित्तिय संस्थाहरुका शाखा प्रबन्धकहरुसंग बैकहरुको फण्ड ट्रान्सफर गर्दा संवेदनसिलतालाई ध्यानमा राखी कार्य गर्ने सम्बन्धि समन्वय बैठक बसेको | १ |
| २५ | | तानसेन नगरपालिका बजार क्षेत्रमा रहेका अनावश्यक विद्युतका (काठ) पोलहरु हटाई बजार सौन्दर्यकरण गर्ने र नाङ्गो तारलाई विस्थापित गर्ने सम्बन्धि बैठक | |
| २६ | | जिल्ला प्रशासन कार्यालय, पाल्पाको सेवा प्रवाह सम्बन्धमा गरिएको सार्वजनिक सुनुवाई कार्यक्रम | २ |
| २७ | | मनसुन विपद/जोखिम न्यूनिकरण का लागि जिल्ला सुरक्षा समितिका पदाधिकारी, जिल्ला समन्वय अधिकारी, यातायात व्यवस्था सेवा कार्यालयका प्रमुख र ट्राफिक कार्यालयका प्रमुख र जिल्लामा सन्चालनमा रहेका यातायात व्यवसायीहरुसंग समन्वयात्मक बैठक | १ |
| २८ | | रम्भा गा.पा. ३ रिमिघा लेकमा मूल्यवान यार्सागुम्वासंग मिल्दो जुल्दो प्रकृतिको जडिबुटी संकलन सम्बन्धमा सरोकारवाला निकायका पदाधिकारीहरुको समन्वयात्मक बैठक | २ |
| २९ | | जिल्लामा सञ्चालित खानी उद्योगहरुलाई व्यवस्थित एवं प्रभावकारी रुपले सञ्चालन गर्ने सम्बन्धि बैठक | १ |
| ३० | | कृत्रिम अभ्यास सन्चालन | १ |
| ३१ | | विकास आयोजनाको अनुगमन, शान्ति सुरक्षा व्यवस्थापन बैठक | ४ |
| ३२ | | जिल्लामा संचालित खानी तथा सिमेन्ट उद्योगका प्रतिनिधिसंग बैठक | २ |
| १ | **किरिया खर्च** | सवारी दुर्घटनाबाट मृत्यु भएका परिवारलाई दिलाइएको किरिया खर्च रकम | ६,००,०००/- |
| २ | | सवारी दुर्घटनाबाट मृत्यु भएका परिवारलाई दिलाइएको बीमा रकम | ६५,००,०००/- |

## ईलाका प्रशासन कार्यालय, रामपुर पाल्पावाट सम्पादन भएको बार्षिक प्रगती विवरण

| क्र.सं. | कार्यको विवरण | संख्या |
|---|---|---|
| १ | नागरिकता | ४०५९ |
| २ | प्रतिलिपि नागरिकता | १६९२ |
| ३ | राहदानी दर्ता | ८६६ |
| ४ | राष्ट्रिय परिचयपत्र दर्ता विवरण | ३२२४ |
| ५ | नाबालक परिचय पत्र | ५१ |
| ६ | संघ संस्था नवीकरण | १८ |

## आर्थिक कारोबारको अवस्था

**विनियोजन बजेट:**

| क्र.सं | बजेट उप-शिर्षक | कुल बजेट रकम | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३१४०१०११३- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | १५७००००.०० | १५०२५९२.०० | ९५.७१ | |
| २ | ३१४०१०११४- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | ५००००.०० | ३७२९०.०० | ७४.५८ | |
| ३ | ३१४९२०११३- जिल्ला प्रशासन कार्यालयहरु | २२०२५१२१.०० | २०१२७७५५.५१ | ९१.३९ | |
| ४ | ३१४९२०११४- जिल्ला प्रशासन कार्यालयहरु | १८२५०००.०० | १६६७२९५.०० | ९१.३६ | |
| ५ | ६०१०००१३३- संचित विदा | १२१००४५.०० | १२१००४५.०० | १००.०० | |
| ६ | ६०१०००१६३- औषधि उपचार | ८८९०१२.०० | ८८९०१२.०० | १००.०० | |
| | | २७५६९१७८.०० | २५४३३९८९.५१ | ९२.२६ | |

| राजश्व: | यस बर्षको आम्दानी | सञ्चित कोषमा दाखिला |
|---|---|---|
| | ५४३१९६५६.९८ | ५४३१९६५६.९८ |

| धरौटी: | गत बर्षको जिम्मेवारी सरेको | यस अवधिको प्राप्त | जम्मा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| | ५११३१९९.२७ | ७५६०६८ | ५८६९२६७.२७ | ४६०४६० | ५४०८८०७.२७ |

**कार्यसञ्चालन कोष लगायत अन्य:**

| | गत बर्षको जिम्मेवारी सरेको | यस अवधिको प्राप्त | जम्मा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| संघ तर्फ: | २३९८९०८०.०१ | १२०९७९४७.८६ | ३६०८७०२७.८७ | १७३२८४७०.०३ | १८७५८५५७.८४ |
| प्रदेश तर्फ: | गत बर्षको जिम्मेवारी सरेको | यस अवधिको प्राप्त | जम्मा | खर्च | बाँकी |
| | १०६०८९५३. | २४४५०००. | १३०५३९५३.०० | ३०७००००.०० | ९९८३९५३.०० |

सूर्यप्रसाद गैरे
आ.प्र.शाखा प्रमुख

तोय नारायण सुवदी
प्रमुख जिल्ला अधिकारी

## १०.२ यस आ.ब.मा दर्ता भएका संस्थाहरुको विवरण

| सि.नं. | दर्ता नं. | दर्ता मिति | संस्थाको नाम | ठेगाना |
|---|---|---|---|---|
| १ | २५९ | २०८१/०४/०७ | श्री अकला देवी मन्दिर संरक्षण समिति | रामपुर न.पा.-८ |
| २ | २६० | २०८१/०५/१८ | नेपाल फोरेष्ट मोनाष्ट्रि इन्क | तिनाउ गा.पा. -१ |
| ३ | २६१ | २०८१/०५/१९ | बाल सिंह गुफा संरक्षण समिति | रामपुर न.पा.-१० |
| ४ | २६२ | २०८१/०६/०४ | समाज उत्थान एकल महिला समूह | रामपुर न.पा.-४ |
| ५ | २६३ | २०८१/०९/०४ | सम्झना युवा क्लव | पूर्वखोला गा.पा.-६ |
| ६ | २६४ | २०८१/०९/०४ | श्री जन बाल हित क्लव | रम्भा गा.पा.-५ |
| ७ | २६५ | २०८१/११/१२ | श्री मदन आश्रित स्मृती प्रतिष्ठान | तानसेन न.पा.-४ |
| ८ | २६६ | २०८१/११/१२ | श्री श्रमजिवी यूवा क्लव | बगनासकाली गा.पा.-५ |
| ९ | २६७ | २०८१/१२/१० | श्री सेरा समाज कल्याण संस्था | बगनासकाली गा.पा.-४ |
| १० | २६८ | २०८२/०१/०७ | श्री सिंन्चास यूवा क्लव | बगनासकाली गा.पा.-३ |
| ११ | २६९ | २०८२/०१/२२ | श्री कव्रस्थान संरक्षण समिति | रामपुर न.पा.-४ |
| १२ | २७० | २०८२/०२/१३ | श्री अधिकारी समाज कुल मन्दिर संरक्षण तथा व्यवस्थापन समिति | तानसेन न.पा.-१ |
| १३ | २७१ | २०८२/०२/१९ | पुष्करनाथ स्मृति प्रतिष्ठान | तानसेन न.पा.-१४ |
| १४ | २७२ | २०८२/०३/३२ | श्री मदन भण्डारी स्मृती प्रतिष्ठान | रम्भा गा.पा.-३ |

## ११. सम्पादन गरेको कामको बार्षिक विवरणः-

- आबश्यक सुरक्षा सतर्कता अपनाई जिल्लामा शान्ति सुरक्षाको भरपर्दो ब्यबस्था मिलाईएको।
- पाल्पा जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८१ बमोजिम कार्यान्वयन भएको ।
- पाल्पा जिल्लाको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८१ स्वीकृत भै कार्यान्वयन भएको ।
- पाल्पा जिल्लाको अपराध नक्सा सहितको एकीकृत रणनीतिक सुरक्षा योजना, २०८१ तथा एकीकृत रणनीतिक सुरक्षा योजना (क्षेत्रगत कार्ययोजना), २०८१ स्वीकृत गरि कार्यान्वयन गरिएको ।
- चाडपर्व लक्षित विशेष सुरक्षा योजना, २०८१ तयार गरी कार्यान्वयन भएको ।
- QRT/ IRT परिचालन जिल्ला स्तरीय योजना, २०८१ स्वीकृत गरि कार्यान्वयन भएको ।
- पाल्पा जिल्लाको राजमार्ग सुरक्षा कार्ययोजना, २०८१ र स्वीकृत गरि कार्यान्वयन भएको ।
- प्रमुख जिल्ला अधिकारीबाट जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरीकार्यालय र प्रहरी चौकीको निरीक्षण गरि शान्ति सुरक्षा कायम गर्न, अपराध नियन्त्रण र अपराधिक घटनाको विश्लेषण गरि

नतिजामा पुग्न, सूचना संप्रेषण गर्न, चाडपर्व लक्षित जिल्ला सुरक्षा योजना कार्यान्वयन गर्न, कर्तव्य पालन गर्न, सम्भावित विपद्का घटना प्रति सचेत रहन, यथाशिघ्र विपद् घटनाको समन्वय र व्यवस्थापन गर्नुका साथै समग्र सुरक्षाका पक्षमा ध्यान दिन निर्देशन दिईएको ।

| सि नं | निरीक्षण गरिएको इलाका प्रहरी / प्रहरी चौकी | मिति | कैफियत |
|---|---|---|---|
| १ | प्रहरी चौकी बर्तुङ्ग, तनासेन नगरपालिका | २०८१/०६/१५ | |
| २ | जिल्ला ट्राफिक कार्यालय, पाल्पा | २०८१/०६/१५ | |
| ३ | जिल्ला प्रहरी कार्यालय, तानसेन नगरपालिका | २०८१/०७/१३ | |
| ४ | अस्थायी प्रहरी पोष्ट, माथागढी गाउँपालिका | २०८१/०७/२४ | |
| ५ | ईलाका प्रहरी कार्यालय रामपुर, रामपुर नगरपालिका | २०८१/०८/०४ | |
| ६ | प्रहरी चौकी राम्दी, बगनासकाली गाउँपालिका | २०८१/०९/१७ | |
| ७ | प्रहरी चौकी आर्यभञ्याङ्ग,बगनासकाली गाउँपालिका | २०८१/०९/१७ | |
| ८ | प्रहरी चौकी रुप्सेभञ्याङ्ग मित्याल, निस्दी गाउँपालिका | २०८१/१०/१७ | |
| ९ | ईलाका प्रहरी कार्यालय पूर्वखोला, पूर्वखोला गाउँपालिका | २०८१/१०/१७ | |
| १० | प्रहरी चौकी बल्डेङ्गगढी, रैनादेवी छहरा गाउँपालिका | २०८१/११/१६ | |
| ११ | अस्थायी प्रहरी पोष्ट बेलबास, रैनादेवी छहरा गाउँपालिका | २०८१/११/१६ | |
| १२ | ईलाका प्रहरी कार्यालय, रामपुर | २०८२/२/१२ | |
| १४ | प्रहरी चौकी केलादी, रामपुर | २०८२/२/१२ | |
| १५ | प्रहरी चौकी, अर्गली | २०८२।३।२० | |

- मिति २०८१।६।७ गते तानसेन नगरपालिका वडा नं १ मा रहेको भुषलडाँडा माध्यमिक विद्यालयमा लागु औषध नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न गरिएको ।
- मिति २०८१।६।१५ गते तानसेन नगरपालिका वडा नं ७ मा सुरक्षा निकाय, प्रदेश र स्थानीय तहसंगको समन्वय र सहकार्यमा लागु औषध नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न गरिएको ।
- मिति २०८१।६।१८ गते तिनाउ गाउँपालिकामा शान्ति सुरक्षा, अपराध नियन्त्रण, सेवा प्रवाह सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको ।
- सवारी दुर्घटनाका अवस्थामा खोज तथा उद्धार कार्यमा खटिने सुरक्षाकर्मी, नेपाल रेडक्रस सोसाईटी र सरोकारवालालाई विपद्को समयमा आईपर्ने अवस्थाको पूर्वअभ्यास गराउने उद्धेश्यले मिति २०८१/०६/१६ गते तानसेन-रिडी सडकखण्डमा सडक दुर्घटनाको कृत्रिम अभ्यास सम्पन्न गरिएको

- मिति २०८१/०७/२५ र २०८२/१/१६ गते प्रमुख जिल्ला अधिकारी र जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुबाट कारागार कार्यालयको महिला तथा पुरुष बन्दीगृह र कारागार सुरक्षागार्डको निरीक्षण गरी कारागारको सुरक्षा मजबुद बनाउन र बन्दीहरुको समस्यालाई सम्बोधन गरी राज्यबाट प्राप्त हुने सेवा सुविधा सबै बन्दीहरुले न्यायोचित रुपमा प्राप्त गरे नगरेको विषयमा सुक्ष्म रुपमा निगरानी गर्न निर्देशन भएको ।
- मिति २०८१/०८/१७ गते त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी लागु औषध नियन्त्रण सम्वन्धी सचेतना कार्यक्रम सम्पन्न गरिएको।
- सुरक्षा निकाय, प्रदेश र स्थानीय तहसंगको समन्वय र सहकार्यमा मिति २०८१/०९/१७ गते तानसेन नगरपालिकाको सभाहलमा लागु औषध नियन्त्रण सम्वन्धी सचेतना कार्यक्रम सम्पन्न गरिएको।
- मिति २०८१/०९/१९ गते रिब्दिकोट गाउँपालिकामा शान्ति सुरक्षा, अपराध नियन्त्रण, सेवा प्रवाह सम्वन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको ।
- जिल्ला प्रशासन कार्यालयको सेवा प्रवाहको सम्वन्धमा सरोकारवाला नागरिक र सेवाग्राहीलाई सुसूचित गराई प्राप्त हुने पृष्ठपोषणको आधारमा निरन्तर सुधार गरी पारदर्शी र सुशासनयुक्त कार्य प्रणाली बनाउन मिति २०८१/९/२३ गते सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको ।
- सार्वजनिक सेवा प्रवाहलाई सरल र सहज तथा चुस्त राख्न सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला स्थित २३ वटा कार्यालयहरुको छड्के निरीक्षण तथा कार्यालयबाट सम्पादन भए गरेका कार्यहरुको सम्वन्धमा विभिन्न २३ वटा सूचकहरुमा अनुगमन गरी सरकारी सेवा सुविधालाई प्रभावकारी बनाई सार्वजनिक सेवा प्रवाहलाई सहज र सरल तथा चुस्त राख्न निर्दे दिईएको ।आकस्मिक रुपमा गरिएको निरीक्षणमा कर्मचारीहरुलाई नियमित पोशाक तथा परिचय पत्र लगाउन, समय पालना गर्न तथा अनुशासन कायम गर्न निर्देशन दिईएको ।
- मिति २०८१।१२।१० गते प्रमुख जिल्ला अधिकारी तोय नारायण सुवेदीको अध्यक्षतामा लुम्बिनी प्रदेशका सभामुख माननीय तुलाराम घर्ति मगर, प्रदेश सभा सदस्य राजु श्रेष्ठ, बिर बहादुर राना, प्रमुख सचिव बाबुराम अधिकारी, जिल्ला समन्वय प्रमुख टंकनाथ खनाल, तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठको समुपस्थितिमा पाल्पा जिल्लामा रहेका प्रदेश सरकारका बिषयगत कार्यालय प्रमुखहरुसंग बैठक बसि जिल्लाको चालु आ.व. २०८१/८२ को योजना तथा कार्यक्रमको प्रगति, हालसम्म संचालन हुन नसकेको योजना तथा कार्यक्रमहरु, सो को कारण र आगामी कार्य योजना, आगामी दिनमा योजना तथा कार्यक्रम संचालन गर्दा ध्यान दिनु पर्ने बिषय एवं अन्तर निकाय समन्वय र सहजिकरणका बिषयमा छलफल, अन्तरक्रिया र निर्णय भएको ।
- मिति २०८१।११।१५ गते कारागार व्यवस्थापन विभागका महानिर्देशक नारायण प्रसाद भट्टराई प्रमुख जिल्ला अधिकारी र जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुबाट कारागार कार्यालयको महिला तथा पुरुष बन्दीगृह र कारागार सुरक्षागार्डको निरीक्षण गरी कारागारको सुरक्षा मजबुद बनाउन र बन्दीहरुको समस्यालाई सम्बोधन गरी राज्यबाट प्राप्त हुने सेवा सुविधा सबै बन्दीहरुले न्यायोचित रुपमा प्राप्त गरे नगरेको विषयमा सुक्ष्म रुपमा निगरानी गर्न निर्देशन भएको ।

- मिति २०८१।११।२२ गते पाल्पा, अर्घाखाँची, गुल्मी र प्युठान जिल्लाबीच भएको अन्तर जिल्ला सुरक्षा समन्वय बैठक सम्पन्न भएको ।
- मिति २०८१।१२।२१ गते जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसि जिल्लामा घट्न सक्ने सबै प्रकारका विपद्को पूर्व तयारी तथा प्रतिकार्यका लागि सरोकारवालासंग छलफल तथा महत्वपूर्ण निर्णय गरीएको ।
- मिति २०८२।२।६ गते सिलोम बालगृहमा रहेको अभिभावक विहिन सुष्मिता नेपालीलाई प्रमुख जिल्ला अधिकारीद्धारा नागरिकता प्रदान गरिएको ।
- मिति २०८२/२/१० गते जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र कारागार कार्यालयमा रक्षा निकायमा कार्यरत कर्मचारीहरुका लागि मुद्दा शाखामा कार्यरत न्यायिक क्षमता अभिवृद्धि गर्न अभिमुखिकरण कार्यक्रम जिल्ला प्रशासन कार्यालयको सभाहलमा संचालन गरिएको ।
- मिति २०८२।२।१२ गते प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला समन्वय समितिका प्रमुख, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्लाका सबै सुरक्षा निकायका प्रमुखहरु र ईलाका प्रशासन कार्यालय, रामपुरका प्रमुख प्रशासकीय अधिकृत लगायतबाट पाल्पा - तनहुँ-स्याङ्जा जिल्लाका सीमाक्षेत्र केलादीघाट आसपासका क्षेत्रमा गई लागु औषध र सम्भाव्य क्षेत्रमा निरीक्षण/अनुगमन गरिएको ।
- मिति २०८२।२।१९ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद व्यवस्थापनको क्षेत्रमा क्रियाशिल सरकारी तथा गैर सरकारी निकायहरुसंगको समन्वय बैठक बसेको ।
- मिति २०८२/२/१९ गते यस जिल्लाको रम्भा गाउँपालिका वडा नं २ र ३ मा पर्ने रिमिघा लेक -वन क्षेत्रमा बहुमूल्य जडिबुटी यार्सागुम्बासंग मिल्दो जुल्दो प्रकृतिको जडिबुटी सङ्कलन भएको सम्बन्धमा प्रतिनिधी सभा सदस्य एवं संसदीय समिति सभापति, समन्वय प्रमुख, रम्भा गाउँपालिकाका अध्यक्ष, सुरक्षा निकायहरु, डिभिजन वन कार्यालयका प्रमुख, खाद्य प्रविधि तथा गुणनियन्त्रक कार्यालय लगायत सरोकारवाला निकायका पदाधिकारीहरु संगको समन्वयात्मक बैठक बसेको ।
- मिति २०८२।२।२० गते जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसि जिल्लामा घट्न सक्ने सबै प्रकारका विपद्को पूर्व तयारी तथा प्रतिकार्यका लागि सरोकारवालासंग छलफल तथा महत्वपूर्ण निर्णय गरीएको साथै मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८२ स्वीकृत गरी कार्यान्वयन गरिएको ।
- मिति २०८२।२।२२ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा राजमार्ग सडक मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कारवाहीको कार्यविधि, २०७५ को दफा ८ बमोजिम जिल्ला स्तरीय समन्वय समितिको बैठक बसेको ।
- मिति २०८२ जेष्ठ २५ गते जिल्लामा संचालित खानी उद्योगहरुलाई व्यवस्थित एवं प्रभावकारी रुपले सञ्चालन गर्न जिल्ला समन्वय प्रमुखको अध्यक्षतामा बैठक बसेको ।
- मिति २०८२।३।४ गुल्मी जिल्ला र पाल्पा जिल्लाको संगमस्थल रिडीमा गुल्मी र पाल्पा जिल्ला बीच अन्तर जिल्ला सुरक्षा समन्वय बैठक बसी सुरक्षाका विषयमा महत्वपूर्ण निर्णय भई कार्यान्वयन गरिँदै आएको ।

- मिति २०८२।३।४ गते कालिगण्डकी रिडी १३२ KV प्रशारण लाइन आयोजनाको समग्र प्रगति अनुगमन र शान्ति सुरक्षाका सम्बन्धमा जिल्ला सुरक्षा समिति पाल्पाका पदाधिकारी एवं आयोजनाका सम्बद्ध कर्मचारीहरु सहित आयोनाको अनुगमन गरीएको ।
- लागु औषध दुरुपयोग तथा अवैध ओसार पसार विरुद्धको अन्तराष्ट्रिय दिवसको सप्ताहव्यापी कार्यक्रम को (मिति २०८२।३।६ देखि २०८२।३।१२) सम्म स्वीकृत गरी विभिन्न कार्यक्रम गरी मनाइएको ।

## १२. विपद् व्यवस्थापन सम्बन्धी कार्यको विवरण

- पाल्पा जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८१ अध्यावधिक गरि कार्यान्वयन गरिएको
- पाल्पा जिल्लाको मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८१ अध्यावधिक गरि कार्यान्वयन गरिएको ।
- जिल्लाको विपद् सहायता कक्ष स्थापना गरि विपद्जन्य घटनाको यथाशिघ्र सूचना संकलन, खोज तथा उद्धार गरिएको ।
- यस वर्षको बसन्त र गृष्म सिजनमा हावा, हुरी चट्याङ, वन डढेलो, आगलागी जस्ता विपदका घटनाको उच्च जोखिम हुने हुँदा जिल्ला वन कार्यालय, जिल्लामा भएका सामुदायिक वन समितिहरु, सुरक्षा निकायहरु तथा सर्वसाधारण नागरिकहरु समेत परिचालन गरी वन क्षेत्रमा अग्नि रेखा बनाउने, वन क्षेत्र सफा गर्ने, निरन्तर गस्ति तथा अनुगमन गर्ने, सचेतना मूलक कार्यक्रमहरु संचालन गरिएको ।स्थानीय तहका दमकलहरुलाई पूर्ण तयारी अवस्थामा राखी वन डढेलोमा नियन्त्रण गरिएको।आगोलागी नियन्त्रणको लागि तानसेन खानेपानी उपभोक्ता समितिको पानीको टंकीबाट दमकलमा तुरुन्त पानी भर्ने व्यवस्था मिलाईएको ।
- विपद्जन्य जोखिमको पूर्वतयारी, प्रतिकार्य, राहत उद्धार लगायतका कार्यका लागि राष्ट्रिय विपद् व्यवस्थापन ऐन/नियम तथा तत् सम्बन्धी कार्यविधि र निर्देशिका अनुरुप जिल्ला आपतकालिन कार्य संचालन केन्द्र (DEOC) लाई २४ सै घण्टा संचालन गर्ने व्यवस्था मिलाईएको ।साथै स्थानीय तहहरुमा स्थानीय आपतकालीन कार्य संचालन केन्द्र (LEOC) स्थापना गरी २४ सै घण्टा संचालन गर्ने व्यवस्था मिलाउन स्थानीय तहहरुलाई अनुरोध गरिएको ।
- जिल्ला भित्रका सबै कार्यालयहरु र स्थानीय तहहरुमा विपद् Focal person तोकि सोको विवरण DEOC र LEOC हरुमा आद्यावधिक गरि राखिएको।
- यस जिल्लामा सडक दुर्घटना जोखिमको हिसावले बढी संवेदनशील मानिएको तथा चोरी, डकैती लगायतका अन्य आपराधिक घटना घट्न नदिन तथा घटिहालेमा पनि अनुसन्धानमा टेवा पुऱ्याउन मूख्य मूख्य शहरी केन्द्र, मूख्य राजमार्गका चोकहरु, जिल्लाका मुख्य धार्मिक र रणनैतिक

स्थानहरुमा CC.Camera जडानको व्यवस्थाका लागि स्थानीय तहहरुलाई अनुरोध गरि CC.Camera जडान गरिएको ।

- सडक यातायातलाई चुस्त, दुरुस्त र सुरक्षित बनाउन मुख्य सडक मार्गहरु सिद्धबावा सडक खण्ड, पाल्पा रिडी सडक खण्ड, कालीगण्डकी सडक कोरीडोरलाई मर्मत सम्भार गरी चालु हालतमा राख्ने व्यवस्था मिलाईएको। मनसुनको समयमा तुरुन्त पहिरो पन्छाई सडक सुचारु राख्न राजमार्गका मुख्य मुख्य स्थानहरुमा जनशक्ति सहित स्क्याभेटर राखिएको सवै स्थानीय तह र सडक निर्माण सम्बन्धी कार्यालय/आयोजनाहरुले मर्मत संभारलाई उच्च प्राथमिकतामा राख्न सबै स्थानीय तहहरुले मर्मत संभार कोषको व्यवस्था गरी आ-आफ्नो कार्यक्षेत्रको मुख्य तथा सहायक सडकहरु सुचारु बनाइ राख्न नियमित मर्मत संभार, बाढी, पहिरोबाट हुन सक्ने सडक अवरोध हटाउन डोजर/स्काभेटर र जनशक्ति परिचालनको व्यवस्था मिलाउन गरिएको अनुरोधलाई स्थानीय तहले कार्यान्वयन गरेको ।
- जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा विपद् सहायता कक्ष तथा स्थानी तहहरुमा प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा विपद् सहायता कक्ष स्थापना गरिएको ।
- आ.व. २०८१/८२ मा जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट वितरण गरिएको विपद् घटनामा परि मृत्यु भएका २ जनाका आफन्तलाई प्रदान गरिएको राहत रु. ४,००,०००/- विपद् घटनामा परेका परिवार संख्या १८ लाई नेपाल सरकारवाट राहत प्रदान भएको रु.२,३८,०००/-, र लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयवाट कोभिड -१९ संक्रमणबाट मृत्य भएका १३ जना व्यक्तिको परिवारलाई प्रदान गरिएको राहत रु. १३,००,०००/- गरी जम्मा रु. १९,३८,०००/- (उन्नाईस लाख अड्तीस हजार) खर्च गरियो ।
- स्थानीय तहहरुवाट मनसुनजन्य/आगलागीजन्य विपद् प्रभावित निजी आवास पुननिर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८ र २०७८ बमोजिम स्थानिय तहहरुवाट OnlineEntry भई Verification र Approve भएका २५ जनालाई जम्मा रु. १२,५०,००० खर्च गरियो।
- बाढी, पहिरो, भारी बर्षा आदीका कारण विद्युत पोल ढल्ने वा अन्य कारण विद्युत सेवा अवरुद्ध हुनसक्ने हुँदा नेपाल विद्युत प्राधिकरण पाल्पा शाखाले समभावित जोखिमयुक्त स्थानहरुमा साधन स्रोत सहित जनशक्ति परिचालन गरी विद्युत अवरुद्ध हुन नदिने र अवरुद्ध भई हालेमा तत्काल मर्मत संभार गरी सुचारु हुने व्यवस्था मिलाउने। नेपाल टेलिकमले मोवाइल, Landline, internet सेवाहरु २४ सै घण्टा गुणस्तरीय रुपमा संचालनगर्ने गरी व्यवस्था मिलाईएको।
- बाढी, पहिरो, भारी बर्षाको कारण लामो समय सडक अवरुद्ध हुन गएमा जिल्ला भित्र दाल, चामल, तेल, चिनी, दुध, तरकारी, पेट्रोलियम इन्धन, औषधी लगायतका अत्यावश्यक सामग्री र खाद्यान्न आपूर्तिमा कमी हुने नपाउने गरी कम्तीमा ३ महिनाको लागि आवश्यक पर्ने खाद्य भण्डारमा रहने व्यवस्थापन मिलाईएको

- आषाढ, श्रावण र भाद्र महिना भरी नदि नालाहरुवाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गर्न नपाउने (विपद् जन्य अवस्था बाहेक) र नेपाल प्रहरी र सशस्त्र प्रहरीले अवैध उत्खनन र चोरी निकासी नियन्त्रण गर्ने व्यवस्था मिलाईएको ।
- जिल्ला प्रशासन कार्यालयको DEOC मा लामो समय देखि रहेका त्रिपालहरु स्थानीय तहको माग र आवश्यकताको आधारमा स्थानीय तहहरुमा पठाईएको।
- जिल्ला स्थित ३ वटै सुरक्षा निकायहरुले विपद् उद्धार र राहतको लागि उपलब्ध उपकरणहरु सहित QRT तयारी अवस्थामा राखिएको ।
- विपद्का समयमा बढी जोखिमयुक्त समूह (महिला, किशोरी, गर्भवती, सुत्केरी एवं बालबालिका) लाई मर्यादा सामग्री, विपद् प्रभावित परिवारलाई आवास, उमेर र लिङ्ग अनुसार आवश्यक लत्ता कपडा, खाद्य तथा गैर खाद्य बस्तु, शुद्ध पिउने पानी जस्तान्यनूतम आधारभूत सेवा उपलव्ध गराउने व्यवस्था मिलाईएको ।

## १३. विपद् व्यवस्थापनका लागि सम्पर्क व्यक्ति र सम्पर्क नम्बर

### १३.१ स्थानीय प्रशासन अन्तर्गत

| सि.न. | कार्यालय / पालिका / संस्था | पद | विपद् Focal Person | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | सहायक प्रमुख जिल्ला अधिकारी | ऋषिराम सुवेदी | ९८५७०६०३३३ |
| २ | दि फेमस महिन्द्र दल गण | सेनानी | जित बहादुर कार्की | ९८५६०६८००० |
| ३ | जिल्ला प्रहरी कार्यालय | प्रहरी निरीक्षक | कमल प्रधान | ९८६९७२३३९८ |
| ४ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | अनुसन्धान अधिकृत | टिकाराम पाण्डे | ९८४३५२२३७६ |
| ५ | सशस्त्र प्रहरी बल | स.प्र.ना.नि. | दिपक न्यौपाने | ९८४७१६९८५६ |
| ६ | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र | सूचना सहायक | बेल वहादुर के.सी. | ९८४१११०१६७ |

### १३.२ स्थानीय तह अन्तर्गत

| सि.न. | कार्यालय / पालिका / संस्था | पद | विपद् Focal Person | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका | ईन्जनियर | शिव शर्मा | ९८४३१४९९३५ |

| | | | | |
|---|---|---|---|---|
| २ | रामपुर नगरपालिका | ईन्जिनियर | कृष्ण बहादुर थापा | ९८६७३७५३७५ |
| ३ | पूर्वखोला गाउँपालिका | अधिकृत | विनोद नेपाल | ९८५७०६५३७९ |
| ४ | निस्दी गाउँपालिका | अधिकृत छैठौं | अर्जुन खनाल | ९८५७०७९२१५ |
| ५ | रम्भा गाउँपालिका | सि.अधिकृत छैठौ | शिव अर्याल | ९८५७०६८७७० |
| ६ | माथागढी गाउँपालिका | ईन्जिनियर | धर्मेन्द्र कुमार यादव | ९८५७०७९११९ |
| ७ | तिनाउ गाउँपालिका | सव ईन्जिनियर | हरि प्रसाद रिजाल | ९८५११८६२६२ |
| ८ | रिब्दीकोट गाउँपालिका | अधिकृत | रुकलाल भट्टराई | ९८५७०६२६४३ |
| ९ | रैनादेवी छहरा गाउँपालिका | जनस्वास्थ्य निरीक्षक | जीवन राना | ९८५७०६०६९० |
| १० | बगनासकाली गाउँपालिका | सहायक पाँचौं | शर्मिला न्यौपाने | ९८४४७२०६०८ |

### १३.३ विषयगत कार्यालयहरु अन्तर्गत

| सि.न. | पद | कार्यालय प्रमुखको नाम | कार्यालय/संस्था | पद | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर |
|---|---|---|---|---|---|---|
| १ | डि.ई. | राम पुकार जैसवाल | सडक डिभिजन पाल्पा | ईन्जिनियर | दुर्गा गौतम | ९८५७०७७९२१ |
| २ | नि.डि.ई. | चन्द्र राना | जलस्रोत तथा सिचाइ विकास डिभिजन कार्यालय | ईन्जिनियर | सुनिल ऐरी | ९८४१९४७५४८ |
| ३ | प्रमुख | सरोज पोखेल | भू तथा जलाधार कार्यालय | ईन्जिनियर | बालकृष्ण कार्की | ९८५७०८११३९ |
| ४ | प्रमुख | गणेश यादव | राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन ईकाइ | प्रमुख | गणेश यादव | ९८५७०६८१८१ |
| ५ | नि.प्रमुख | मानदेव प्रसाद चौधरी | कृषि ज्ञान केन्द्र | प्रमुख | मानदेव प्रसाद चौधरी | ९८५७०६५२९४ |
| ६ | प्रमुख | नारायण देव भट्टराई | डिभिजन वन कार्यालय | डिभिजनल वन अधिकृत | खिल बहादुर तामाङ्ग | ९८५७०६२२७३ |
| ७ | प्रमुख | प्रेमराज खरेल | शिक्षा विकास तथा समन्वय इकाई | शाखा अधिकृत | हेम शर्मा रिजाल | ९८४६२०६५६७ |
| ८ | नि.प्रमुख | टुक प्रसाद पोखेल | स्वास्थ्य कार्यालय | ल्याब टे.अधिकृत | मधुसुदन भट्टराई | ९८४५३३२९५५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | प्रमुख | आविद हुसेन मिया ठकुराई | खानेपानी डिभिजन कार्यालय | प्रमुख | आविद हुसेन मिया ठकुराई | ९८५७०२११४६ |

१३.४ अन्य

| सि.न. | कार्यालय / पालिका / संस्था | पद | विपद् Focal Person | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | रेडक्रस सोसाईटी, पाल्पा | जिल्ला सभापति | बावुराम कार्की | ९८५७०६२७९७ |

१३.५ विपद व्यवस्थापनमा देखिएका समस्याहरु

क. विपद् जोखिम न्यूनीकरण र विकास निर्माण कार्यबीच आवश्यक तालमेलको कमी हुनु ।

ख. कमजोर भू-बनोट, भिरालो र उच्च पहाड रहनु ।

ग. प्राकृतिक स्रोतहरु (चुनढुंगा खानी) को अव्यवस्थित तथा अत्याधिक दोहन हुनु ।

घ. जोखिमयुक्त र न्यूनतम मापदण्ड नपुगेका ग्रामिण सडक निर्माण हुनु ।

ङ. भू-उपयोग योजना, भवन संहिता प्रभावकारी नहुनु ।

च. एकीकृत सूचना प्रणालीको न्यूनता ।

छ. संकट आंकलनको पूर्वमूल्याङ्कन वास्तविक हुन नसक्नु ।

ज. अव्यवस्थित रुपमा सहरीकरण हुनु।

झ. आपतकालीन अवस्थाका लागि दक्ष र यथेस्ट जनशक्ति,श्रोत, उपकरण,बन्दोबस्ती र राहत सामाग्रीको कमी।

ञ. अन्तर निकाय संघ, प्रदेश र स्थानीय तहबिच ठाडो (Vertical) र तेर्सो (Horizontal) रुपमा प्रभावकारी समन्वयको कमी ।

१३.६ जिल्ला/स्थानीय तहका प्रमुख विपद घटनाहरु

यस जिल्लामा मुख्यत विपद्का घटनाहरु देहाय अनुसार रहेको पाईन्छ ।

| सि.नं. | घटना प्रकार | घटना संख्या | मृतक संख्या | घाईते |
|---|---|---|---|---|
| १ | आगलागी | २८ | १ | १ |
| २ | चट्याङ | २ | ० | १ |
| ३ | बाढी/डुबान/खोलाले बगाएको | १६ | १३ | १ |
| ४ | पहिरो | १९ | १ | २ |
| ५ | सडक दुर्घटना | २५ | २७ | १६ |
| ६ | अबिरल बर्षा | ४३ | ० | ० |
| ७ | हावाहुरी | ३७ | ० | ० |
| ८ | जंगली जनावरबाट | १२ | ० | २ |

| | | | | |
|---|---|---|---|---|
| ९ | सर्प दंश | ४० | १ | ३९ |
| १० | करेन्ट लागी | ५ | २ | ३ |
| ११ | बिषाक्त पर्दार्थ सेवन (विषादी सेवन गरी) | १२ | १२ | ० |
| १२ | भिरबाट लडेर | १३ | ८ | ५ |
| १३ | कोभिडबाट मृत्यू | ० | ० | ० |
| १४ | अन्य (रुखबाट लडेर) | ७ | ४ | ३ |
| **जम्मा** | | २५९ | ६९ | ७३ |

**अन्यः**-बर्तमान अवस्थामा जलबायु परिवर्तनको कारण बिभिन्न समस्याहरु उत्पन्न हुने अबस्थाहरु आएका छन। जंगलको बिनास तथा लामो खडेरीका कारण पानीका मुहान सुक्ने र खानेपानीको अभाव हुने समस्या बढ्दै गईरहेको छ।

**१३.७ जिल्ला तथा स्थानीय तहहरुबाट विपद् सम्बन्धी भए गरेका अन्य उल्लेख्य कार्यहरु**


- विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना, २०८१ बमोजिम कार्यान्वयन गरिएको।
- मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८१ अध्यावधिक गरि कार्यान्वयन गरिएको ।
- विपद व्यवस्थापनको लागि स्थानीय तह, सरोकारवाला, गैर सरकारी निकायहरुसंग सहकार्य र समन्वय भएको।
- सतह भन्दा बढी पानी भएमा स्थानीय नागरिकहरुलाई जानकारी दिनको लागि साइरन जडान गरि सूचना दिने गरिएको।
- विपद्जन्य घटनाबाट सर्तक रहन र सचेतना अपनाउन माईकिङ र स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गरिएको।
- सामुदायिक प्रहरीबाट विद्यालयमा विपदबाट जोगिनका लागि जानकारी प्रदान गरिएको।
- विपद् प्रभावितहरुलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त राहत वितरण गरिएको।

## १४. अत्यावश्यक वस्तुको आपूर्ति र बजार अनुगमन

- बजारमा कृत्रिम अभाव, जम्माखोरी, कालो बजारी हुन, गर्न नदिन र दैनिक उपभोग्य वस्तुको आपूर्ति, वितरण कार्यको अनुगमन गरि आपूर्तिको व्यवस्था सहज गर्ने कार्य भईरहेको ।
- उपभोग्य बस्तुका पसल, होटल तथा रेष्टुरेण्टको अनुगमन गरि बिक्रीको लागि राखिएका, म्याद नाघेका बस्तु र गुणस्तरहीन खाद्य पदार्थ जफत गरि नष्ट गरिएको ।
- यस आ.व. मा यस कार्यालयको समन्वयमा तानसेन नगपालिका लगायत अन्य पालिकाहरुमा व्यापार व्यवसायलाई मर्यादित र उपभोक्ताहरुलाई गुणस्तरीय बस्तु तथा सेवा उपलब्ध गराउने उद्देश्यले २४ पटक संयुक्त बजार अनुगमन भएको थियो। साथै तानसेन बजार क्षेत्रभित्रका विभिन्न स्थानहरुमा रहेका एल.पि.ग्यास विक्रेता/व्यवसायीहरुको कार्यलाई पनि व्यवस्थित र सुरक्षित बनाउने उद्देश्यले अनुगमन गरिएको ।

## १५.यस कार्यालयले संचालन गरेको कार्यक्रमहरु:-

**१.लागु औषध नियन्त्रण सम्वन्धि युवा लक्षित सचेतना कार्यक्रम :** स्वस्थ, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माण गर्ने उद्धेश्यले खास गरी जोखिम समूहका युवा युवतीहरुमा लागू औषधको दुरुपयोग तथा दुर्व्यसनको कारण निम्तिने समस्या र अबैध ओसार पसार नियन्त्रण सम्वन्धी विविध जानकारी गराउन प्रमुख जिल्ला अधिकारी श्री तोय नारायण सुवेदीज्यूको अध्यक्षतामा मिति २०८१/८/१७ गते तानसेन नगरपालिका स्थित त्रिभुवन बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी लागु औषध नियन्त्रण सम्वन्धि युवा लक्षित सचेतना कार्यक्रम सम्पन्न गरिएको थियो ।लागु औषध दुरुपयोग न्यूनिकरण विषयका सहजकर्ता प्रहरी निरीक्षक कमल प्रधान रहनु भएको यस कार्यक्रममा सहभागीहरुको संख्या १४५ जना रहेको थियो ।









**२. मुद्दा शाखामा कार्यरत कर्मचारीहरुका लागि न्यायिक क्षमता अभिबृद्धि कार्यक्रम :** जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयको मुद्दा शाखामा कार्यरत र कारागार कार्यालय, पाल्पामा कार्यरत कर्मचारीहरुका लागि न्यायिक क्षमता अभिवृद्धि गर्ने उद्धेश्यले प्रमुख जिल्ला अधिकारी श्री तोय नारायण सुवेदीज्यूको अध्यक्षतामा मिति २०८२/२/१० गते अभिमुखिकरण कार्यक्रम जिल्ला प्रशासन कार्यालयको सभाहलमा संचालन गरिएको थियो ।साथै कार्यक्रममा प्रमुख जिल्ला अधिकारीले फौजदारी र देवानी कानुन, स्थानीय प्रशासनले हेर्ने मुद्दाहरु, मुद्दा फछ्यौटको कार्यविधि, प्रहरी उपरीक्षक पवन कुमार भट्टाराईले अपराध अनुसन्धान पद्धती, जिल्ला न्यायाधिश माननीय दल बहादुर के.सी.ज्यूले फैसला र फैसलाको कार्यान्वयन र जिल्ला न्यायाधिवक्ता चुरामणी पराजुलीले मुलुकी अपराध संहिता २०७४ का मूलभूत बिशेषताहरुको बारेमा सहजीकरण गर्नु भएको थियो ।









### ३.कृत्रिम अभ्यास कार्यक्रम:

यस जिल्लामा विपद्सँग सम्वन्धित कृत्रिम घटना अभ्यास तथा तालिम (Simulation and Drill) सुरक्षामा खटीने कर्मचारीहरु लगायत सरोकारवालाहरुको लागि विपद्को घटनाको परिकल्पना गरी अग्रिम अभ्यास मार्फत विपदको समयमा विभिन्न निकायहरुको संस्थागत जिम्मेवारी स्पष्ट पार्न र अन्तरनिकाय सम्पर्क एवं समन्वयको लागि सवारी दुर्घटनाका अवस्थामा खोज तथा उद्धार कार्यमा खटिने सुरक्षाकर्मी, नेपाल रेडक्रस सोसाईटी र सरोकारवालालाई विपद्को समयमा आईपर्ने अवस्थाको पूर्वअभ्यास गराउने उद्धेश्यले मिति २०८१/०६/१६ गते तानसेन-रिडी सडकखण्डमा सडक दुर्घटनाको परिकल्पना गरी कृत्रिम अभ्यास सम्पन्न गरिएको ।








**४. लागु औषध नियन्त्रण सम्वन्धि समन्वयात्मक कार्यक्रम:** जोखिम समूह रहेका विद्यालयमा अध्ययनरत कक्षा ९ देखि १२ सम्मका छात्र छात्राहरुमा लागू औषध सेवन, दुरुपयोग तथा दुर्व्यसनको कारण निम्तिने समस्या र अबैध ओसार पसार नियन्त्रण सम्वन्धी सचेतना कार्यक्रम प्रमुख जिल्ला अधिकारी श्री तोय नारायण सुवेदीज्यूको अध्यक्षतामा मिति २०८१/११/११ गते दमकडा माध्यमिक विद्यालय, मदनपोखरा पाल्पामा लागु औषध नियन्त्रण सम्वन्धि युवा लक्षित सचेतना कार्यक्रम सम्पन्न गरिएको थियो ।लागु औषध दुरुपयोग न्यूनिकरण र आत्महत्या न्यूनिकरण सम्बन्धि बिषयमा प्रहरी निरीक्षक सन्दिप वेल्वासे र ट्राफिक प्रहरी नायब निरीक्षक राम प्रासाद खनालले ट्राफिक नियम सम्बन्धि सहजीकरण गर्नु भएको थियो ।






### ५. शान्ति सुरक्षा, अपराध नियन्त्रण, सेवा प्रवाह सम्बन्धी सचेतनामूलक कार्यक्रमः

२०८१ पुष १९ गते रिब्दीकोट गाउँपालिकामा शान्ति सुरक्षा, अपराध नियन्त्रण, सेवा प्रवाह सम्बन्धी सचेतनामूलक कार्यक्रम प्रमुख जिल्ला अधिकारी श्री तोय नारायण सुवेदीज्यूको अध्यक्षता तथा रिब्दीकोट गाउँपालिकाका अध्यक्ष नारायण बहादुर कार्की, सहायक प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरु लगायत गाउँपालिकाका कार्यपालिका सदस्यहरु, कर्मचारीहरुको उपस्थितिमा प्रमुख जिल्ला अधिकारीवाट शान्ति सुरक्षा र सेवा प्रवाह सम्बन्धमा र प्रहरी उपरीक्षकवाट अपराध नियन्त्रण सम्बन्धमा सहजीकरण गर्नु भएको थियो ।















## ६. कार्यालयको सेवा प्रवाह सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रमः

जिल्ला प्रशासन कार्यालयमा मिति २०८१ पुष २३ गते र ईलाका प्रशासन कार्यालय, रामपुरमा २०८२ जेठ १२ गते कार्यालयको सेवा प्रवाह सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम प्रमुख जिल्ला अधिकारी तोय नारायण सुवेदीको अध्यक्षतामा जिल्ला समन्वय प्रमुख टंकनाथ खनालको आतिथ्यतामा जिल्लामा क्रियाशिल राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, संघसंस्था तथा सेवाग्राहीहरुको सहभागितामा जिल्ला प्रशासन कार्यालयले सम्पादन गरेका कार्यहरु र सेवा प्रवाह सम्बन्धमा सरोकारवाला नागरिक, सेवाग्राहीलाई सुसूचित गराई प्राप्त हने पृष्ठपोषणका आधारमा निरन्तर सुधार गरी पारदर्शी र सुशासन युक्त कार्य प्रणाली गराउन सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको।






## १६. हालसम्मका प्रमुख जिल्ला अधिकारीहरुको विवरण

| क्र.स. | नामथर | देखि | सम्म |
|---|---|---|---|
| १ | लभ विक्रम शाह | २०२९ | २०३१ |
| २ | राम कुमार श्रेष्ठ | २०३१ | २०३२ |
| ३ | पदम राज सुवेदी | २०३२ | २०३२ |
| ४ | हरि प्रसाद शर्मा | २०३३ | २०३५ |
| ५ | टेकनाथ भट्टराई | २०३५ | २०३७ |
| ६ | गजेन्द्र बहादर मुल | २०३७ | २०३८ |
| ७ | बाबुराम पौडेल | २०३८ | २०४० |
| ८ | शरद कुमार भट्टराई | २०४० | २०४५ |
| ९ | स्थानेश्वर शर्मा | २०४५ | २०४५ |
| १० | राम प्रसाद अरुण | २०४५ | २०४६ |
| ११ | बलराम कापर | २०४६ | २०४७ |
| १२ | विष्णुराज कुसुम | २०४७ | २०४७ |
| १३ | नवीन कुमार घिमिरे | २०४७ | २०४८ |
| १४ | तीर्थ प्रसाद ज्ञवाली | २०४८ | २०५० |
| १५ | ललित बहादुर थापा | २०५० | २०५१ |
| १६ | भुवनेश्वर जोशी | २०५१ | २०५२ |
| १७ | भरतमणि रिसाल | २०५२ | २०५२ |
| १८ | विनोद शर्मा | २०५२ | २०५३ |
| १९ | वामन प्रसाद न्यौपाने | २०५३ | २०५४ |
| २० | माधव प्रसाद ओझा | २०५४ | २०५६ |
| २१ | जनार्दन नेपाल | २०५६ | २०५८ |
| २२ | भानुभक्त पोखरेल | २०५८ | २०६० |
| २३ | श्रीवत्स आचार्य (का.मु) | २०६० | २०६० |
| २४ | एकमणि नेपाल | २०६० | २०६२ |
| २५ | लक्ष्मण कुमार थापा | २०६२ | २०६२।१०।१८ |
| २६ | बालकृष्ण पन्थी | २०६२।११।२४ | २०६४।०२।२३ |

| | | | |
|---|---|---|---|
| २७ | शम्भु प्रसाद घिमिरे | २०६२।०२।२७ | २०६६।०४।३० |
| २८ | जनकराज रेग्मी | २०६६।०५।०३ | २०६८।०३।०७ |
| २९ | टीकाराम शर्मा घिमिरे | २०६८।०३।१३ | २०६९।०३।३१ |
| ३० | हरि प्रसाद मैनाली | २०६९।०४।१५ | २०६९।११।२४ |
| ३१ | शिवराज जोशी | २०६९।१२।१२ | २०७१।०१।२५ |
| ३२ | विष्णु कुमार कार्की | २०७१।०२।०१ | २०७२।०२।३२ |
| ३३ | प्रेमलाल लामिछाने | २०७२।०३।०२ | २०७२।११।२३ |
| ३४ | बाबुराम गौतम (रा.प.प्रथम) | २०७२।११।२३ | २०७४।०६।१९ |
| ३५ | विष्णु प्रसाद ढकाल (रा.प.प्रथम) | २०७४।०६।२० | २०७५।०४।११ |
| ३६ | मनोहर प्रसाद खनाल (रा.प.प्रथम) | २०७५।०४।३१ | २०७६।०१।११ |
| ३७ | वीरेन्द्र कुमार यादव (रा.प.प्रथम) | २०७६।०१।१२ | २०७६।०५।११ |
| ३८ | उमेश कुमार ढकाल | २०७६।०५।१२ | २०७६।१०।१४ |
| ३९ | यादव सुवेदी (रा.प.प्रथम) | २०७६।१०।२६ | २०७७।०२।२० |
| ४० | रमेश न्यौपाने (रा.प.प्रथम) | २०७७।०२।२२ | २०७७।११।१७ |
| ४१ | योगेन्द्र प्रसाद पाण्डे (रा.प.प्रथम) | २०७७।११।२३ | २०७८।६।३१ |
| ४२ | जगन्नाथ पन्त (रा.प.प्रथम) | २०७८।०७।१ | २०७९।११।२३ |
| ४३ | बन्धु प्रसाद बास्तोला | २०७९।११।२५ | २०८०।०९।०१ |
| ४४ | आनन्द काफ्ले | २०८०।०९।०४ | २०८१।७।१२ |
| ४५ | तोय नारायण सुवेदी | २०८१।७।१२ | हालसम्म |

## १७. जिल्ला प्रशासन कार्यालयको भवन र सवारी साधनको विवरण

### १७.१ जग्गाको विवरण

| क्र.सं. | ठेगाना / स्थानीय तह | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका ४ | २०३ | ५-९-१-१ | दुवै कित्ता २०३ र ७६४ को जग्गामा कार्यालय भवन, आवास गरी ४ वटा भवन रहेको । |
| २ | तानसेन नगरपालिका ४ | ७६४ | ०-१५-१-१ | |
| ३ | तानसेन नगरपालिका ४ | २३४७ | ७-१०-०-१ | पाल्पा दरबार रहेको र सो मा हाल पाल्पा दरबार संग्रहालय संचालन भएको |

## १७.२ सवारी साधनको विवरण

| क्र.सं. | सवारी साधनको नाम | सवारी नं. | संख्या |
|---|---|---|---|
| १ | बोलेरो जिप | बा २ झ ६१ | १ |
| २ | टाटा सफारी | बा २ झ २१५० | १ |
| ३ | डिस्कभर मोटरसाईकल | लु १ ब १२२३ | १ |
| ४ | यामाहा मोटरसाईकल | लु १ ब ४६४ | १ |

## १८. पाल्पा जिल्लामा रहेका संघीय र प्रदेश सरकार अन्तरगतका सरकारी कार्यालयको सम्पर्क विवरण

| सि.नं. | कार्यालयको नाम | सम्पर्क नं. (+०७५) | प्रमुखको नाम | प्रमुखको सम्पर्कनं. |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय पाल्पा | ५२०१२४ | प्र.जि.अ.तोय नारायण सुवेदी | ९८५७०५७७७७ |
| २ | पाल्पा जिल्ला अदालत | ५२०११० | न्या.दल बहादुर के.सी. | ९८५७०७२११० |
| ३ | जिल्ला समन्वय समितिको कार्यालय | ५२०४२४ | जि.अ.स. मुकुन्द शर्मा | ९८५७०४३२२२ |
| ४ | दि फेमस महिन्द्रदल गण | ५२०५४६ | प्र.से.शान्त कुमार थापा | ९८५१०९२३१४ |
| ५ | जिल्ला प्रहरी कार्यालय | ५२०५३६ | प्र.उ.पवन कुमार भट्टराई | ९८५७०९५५५५ |
| ६ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ५२००५९ | उप-अ.नि.अशोक राज भट्ट | ९८५७०६५०५९ |
| ७ | सशस्त्र प्रहरी बल नेपाल गुल्म | ५२११७४ | प्र.ना.उ.झुपा कुमारी पन्थी | ९८५१२७२२३४ |
| ८ | कोषत था लेखा नियन्त्रक कार्यालय | ५२०००३ | शशिन्द्र खाती | ९८५७०६५२०३ |
| ९ | पाल्पा जिल्ला अदालत | ५२०११० | केशव पराजुली | ९८५७०७२११० |
| १० | जिल्ला सरकारी वकिल कार्यालय | ५२०१५८ | चुरामणी पराजुली | ९८५७०६८१५८ |
| ११ | शिक्षा विकास तथा समन्वय इकाइ | ५२०११९ | प्रेम राज खरेल | ९८५७०६५९८० |
| १२ | शहरी विकास तथा भवन कार्यालय | ५२०१५२ | गोविन्द प्रसाद गौतम | ९८५७०६५१५२ |
| १३ | खानेपानी तथा सरसफाई कार्यालय | ५२०००७ | आविद हुसैन मिया ठकुराई | ९८५७०२११४६ |
| १४ | सडक डिभिजन कार्यालय | ५२०९२१ | जय पुकार जयसवाल | ९८५७०६५९२१ |
| १५ | पाल्पा अस्पताल | ५२०१५४ | नि.मे.सु.डा.राजेन्द्र पौडेल | ९८६३९३०१०८ |
| १६ | स्वास्थ्य कार्यालय | ५२१७३९ | टुक प्रसाद पोखरेल | ९८५७०८०७३९ |
| १७ | कृषि ज्ञान केन्द्र | ५२०२९४ | मानदेव चौधरी | ९८५७०६५२९४ |
| १८ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | ५२०१४५ | दुर्गा खनाल | ९८५७०६०८३६ |

| | | | | |
|---|---|---|---|---|
| १९ | सुन्तलाजात फलफूल विकास केन्द्र | ५२०१४७ | जोगेन्द्र कान्दु | ९८५७०७७१४७ |
| २० | डिभिजन वन कार्यालय | ५२०००२ | नारायण देव भट्टराई | ९८५७०२३३७७ |
| २१ | भू तथा जलाधार व्यवस्थापन कार्यालय | ५२०१३९ | सरोज पोखेल | ९८५७०६२८६४ |
| २२ | जलस्रोत तथा सिंचाई विकास डिभिजन | ५२००८१ | चन्द्र राना | ९८५७०६१४३० |
| २३ | राष्ट्रिय कृषि आधुनिकी करण कार्यक्रम, कार्यक्रम कार्यान्वयन ईकाइ | ५२११८० | गणेश यादव | ९८५७०६८१८१ |
| २४ | नेपाल टेलिकम दूरसंचार कार्यालय | ५२०१०१ | राकेश पाण्डेय | ९८५१००४८४४ |
| २५ | सामाजिक बिकास डिभिजन कार्यालय | ५२११९६ | मित्र प्रसाद गौतम | ९८५७०७७६२० |
| २६ | पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र | ५२०८२३ | माधव बस्याल | ९८५७०७७८२३ |
| २७ | कारागार कार्यालय | ५२०१५३ | भगवान भक्त अर्याल | ९८५७०७३७७७ |
| २८ | मालपोत कार्यालय पाल्पा | ५४०४२७ | दुर्गा प्रसाद खनाल | ९८५६०५०८०५ |
| २९ | घरेलु तथा साना उद्योग कार्यालय | ५२०२३२ | श्याम कुमार पौडेल | ९८५७०६०४३२ |
| ३० | जिल्ला हुलाक कार्यालय | ५२०१४६ | जयदिप पन्थी | ९८५७०७५१४६ |
| ३१ | तथ्यांक समन्वय कार्यालय | ५२०५१२ | केशव ज्ञवाली | ९८५७०७८५१२ |
| ३२ | कालिगण्डकी कोरिडोर सडक योजना | | कल्पना पौडेल | ९८५६०३०७४२ |
| ३३ | जिल्ला निर्वाचन कार्यालय | ५२०९३५ | महेश शर्मा | ९८५७०६८९३५ |
| ३४ | शैक्षिक तालिम केन्द्र | ५२०३०१ | गोपाल प्रसाद बस्याल | ९८४७०२९६३३ |
| ३५ | करदाता सेवा कार्यालय | ५२०११७ | सन्तोष सुबेदी | ९८५७०७४११७ |
| ३६ | नापी कार्यालय | ५२०००८ | अर्जुन पौडेल | ९८५७०६८३०८ |
| ३७ | सडक पूर्वाधार विकास कार्यालय | | बासुदेव भण्डारी | ९८५७०६०४९१ |
| ३८ | विशेष नापी कार्यालय | ५२०१९७ | पूर्ण प्रसाद पाण्डे | ९८५७०६५००८ |
| ३९ | नेपाल विद्युत प्राधिकरण | ५२०५११ | दिलिप मरासेनी | ९८५७०७५५११ |
| ४० | कृषि सामाग्री कम्पनी लिमिटेड | ५२०१३८ | सृजना पाण्डे | ९८४६०९४६३६ |
| ४१ | यातायात व्यवस्था सेवा कार्यालय | ५२०४९९ | लक्ष्मण घिमिरे | ९८५७०९१०३९ |
| ४२ | खाद्य प्रविधि तथा गुण नियन्त्रण | ५२१४९५ | नरेश श्रेष्ठ | ९८५७०२१४९५ |

| | | | | |
|---|---|---|---|---|
| | डिभिजन कार्यालय | | | |
| ४३ | पाल्पा दरवार संग्रहालय | | श्याम कुमार पौडेल | ९८५७०२३३७७ |
| ४४ | ईलाका प्रशासन कार्यालय रामपुर | ४००४७५ | उदयराज भट्टराई | ९८६७०६५४७६ |
| ४५ | रामपुर अस्पताल रामपुर | ४००१५४ | मे.सु. वृज कुमार यादव | ९८५७०६८१५४ |
| ४६ | नापी कार्यालय रामपुर | ४००४३४ | शोभा आचार्य | ९८५७०६८३४३ |
| ४७ | मालपोत कार्यालय रामपुर | ४००४२७ | ज्ञान बहादुर सिंजाली | ९८५७०६५१६७ |

## १९. स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुको सम्पर्क नं.

| सि.न. | स्थानीय तह | प्रमुख प्रशासकीय अधिकृत | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका | पिताम्बर पाण्डे | ९८५७०७४१११ | |
| २ | रामपुर नगरपालिका | सूर्य दर्शन पण्डित | ९८५७०७५१११ | |
| ३ | रिब्दीकोट गाउँपालिका | मणि प्रसाद खनाल | ९८५७०७५३०७ | |
| ४ | रैनादेवी छहरा गाउँपालिका | कृष्ण प्रसाद ज्ञवाली | ९८५७०७२०२५ | |
| ५ | रम्भा गाउँपालिका | विर बहादुर पुन | ९८५७०६८७७० | |
| ६ | माथागढी गाउँपालिका | राम प्रसाद घिमिरे | ९८५७०६८५६८ | |
| ७ | पूर्वखोला गाउँपालिका | सुन्दर प्रसाद श्रेष्ठ | ९८५७०६८५७५ | |
| ८ | निस्दी गाउँपालिका | मदन अर्याल | ९८५७०७९२१० | |
| ९ | तिनाउ गाउँपालिका | दिनेश सारु | ९८५७०११०९८ | |
| १० | बगनासकाली गाउँपालिका | खेमराज छिनाल | ९८५७०६८८६८ | |

## २०. नवप्रवर्द्धनात्मक क्रियाकलापहरुः-

- सबै सेवाग्राही र विशेष गरि ज्येष्ठ नागरिकहरुलाई आफ्नै घरदैलो नजिकबाट सरल, सहज रुपमा सेवा दिने उद्धेश्यले मिति २०८१/०४/२३ गतेदेखि स्थानीय तहको वडास्तरमै पुगी राष्ट्रिय परिचय पत्र दर्ता तथा वितरणको लागि २ (दुई) जना दर्ता अपरेटरलाई खटाई सेवा शुरु गरिएको
- नागरिकता लिने सेवाग्राहीहरुको लागि नागरिकताको झन्झितिलो र समय लाग्ने प्रकृया हटाई सहज, सरल र छिटो छरितो प्रकृयाबाट नागरिकताको सेवा प्रवाह गर्न मिति २०८१/०६/०१ गतेदेखि CCIMS प्रणाली (online system) बाटै नागरिकता सिफारीस गर्ने कार्य यस जिल्लाका १० वटै पालिकाका ८१ वडाबाट एकै साथ लागु गरिएको ।
- कार्यालयवाट प्रवाह हुने सबै प्रकारको सेवाका लागि कार्यालयवाटनै सेवाग्राहीहरुको निवेदनका फारमहरु उपलब्ध गराई बाहिर शुल्क तिरी लिने सेवालाई पूर्ण रुपमा बन्द गरिएको ।

- प्रमुख जिल्ला अधिकारीबाट जिल्लामा संचालित विकास निर्माणसंग सम्बन्धित आयोजनाहरुको गुणस्तर, प्रगतीको विषयमा सम्वन्धित आयोजनाका प्रमुख, स्थानीय तहका प्रमुख र सम्वन्धित निर्माण व्यवसायी सहित स्थलगत निरिक्षण/ अनुगमन गरि आई परेका समस्या समाधानका लागि गर्नु भएको समन्वय तथा सहजीकरण गरिएको ।साथै रुग्ण अवस्थामा रहेका योजना/आयोजनाहरु सम्पन्न गर्न समन्वयात्मक रुपमा पहल गरिएको ।
- तानसेन नगरपालिका वडा नं. ५ कैलाशनगर (अप्पु भिलेज रोड माथि) उच्च जोखिममा रहेका १९ वटा घर टहरा सहितको बस्ती र बाटोको मर्मत संभारको लागि र रानीमहल दरबारलाई नदी कटानको कारण उच्च जोखिममा रहेको हुँदा प्रमुख जिल्ला अधिकारी तोय नारायण सुवेदी सहित सुरक्षा निकायका प्रमुख मिति २०८१/१२/१९ गते लुम्विनी प्रदेशको बिपद् परिषदको बैठकमा उपस्थित भई प्र.जि.अ.बाट उल्लेखित बिपद् न्यूनिकरणको लागि वजेट विनियोजन गर्न भएको प्रस्तुतिकरणको कारण रानीमहलको नदी कटान रोक्नका लागि DPR बनाउनको लागि सिंचाई डिभिजन कार्यालय मार्फत १० लाख र कैलाशनगरको जोखिम युक्त पहिरो नियन्त्रणका लागि ७५ लाख वजेट विनियोजन भई काम अगाडि बढेको ।
- तानसेन नगरपालिका वडा नं. ४ निवासी अल्जाईमर रोगका कारण विरामी भई धेरै बर्षदेखि अशक्त भई अरुको सहारा लिनु पर्ने जेष्ठ नागरिक चन्द्र बदन तुलाधर र वडा नं. ६ निवासी क्यान्सर रोगका कारण उठ्न र हिडडुल गर्ने नसक्ने सागर के.सी.लाई निजहरुको घरमै पुगि नागरिकता वितरण गरिएको ।
- कार्यालयमा सेवा लिन आउने ज्येष्ठ नागरिक, अशक्त, सुत्केरी र फरक क्षमता भएकाहरुलाई लाईन लाग्न नपर्ने गरि यथाशिघ्र सेवा प्रदान गर्नुका साथै सेवा लिने स्थानसम्म पुग्नका लागि Wheel Chair को व्यवस्थापन गरि कार्यालयलाई पूर्ण रुपमा सेवाग्राही मैत्री बनाईएको।




- पालो पर्खने सेवाग्राहीलाई घाम र पानीबाट बच्न ट्रस निर्माण गरि बस्नको लागि पर्याप्त कुर्ची तथा बेन्चहरुका साथै सेवाग्राहीहरुको लागि पिउने पानीको व्यवस्था गरिएको ।
- मिति २०८१।१२।२२ देखि मिति २०८२।१।३ सम्म तानसेन नगरपालिका टुडिखेलमा संचालित दोस्रो तानसेन उद्योग, व्यापार तथा पर्यटन महोत्सवमा हावाहुरी र पानीका कारण स्टल उडाई पानीले भिजी व्यापरी/व्यवसायीको मालसामान क्षति भएको, मञ्चको Screen फुटेको आदि कारण महोत्सव संचालनमा कठीनाई भएकोमा बीमाका प्रतिनिधिहरुलाई बोलाई छानवीन एवं मूल्याङ्कनको उपसमिति गठन गरी पूर्ववत रुपमा महोत्सव संचालन हुने वातावरण निर्माण गर्न सहजिकरण गरेको ।
- पाल्पा जिल्लामा आरती ग्यास र राजधानी ग्यासको नियमित आपूर्ति नभै खाना पकाउने ग्यासको अभाव रहेकोले सोको समाधान गर्न पाल्पा जिल्लामा रहेका ग्यास डिलर्स एशोसियसनका प्रतिनिधि र राजधानी तथा आरती ग्यास उद्योगका पदाधिकारीहरुसंग प्रमुख जिल्ला अधिकारीको कार्य कक्षमा
- मिति २०८२।१।१४ गते बैठक बसी छलफल गरी पाल्पा जिल्लामा नियमित रुपमा ग्यास पठाउने सम्झौता/समझदारी भएको, सो पश्चात पाल्पा जिल्लामा ग्यासको अभाव नरहेको।

- पाल्पा जिल्लामा अमरनारायण गुठी, भगवती गुठी, लाल पाटी गुठी, ऋषिकेश गुठी लगायतका गुठी जग्गाको समस्या, गुठी जग्गालाई रैकर वनाउन कानूनी विषय, गुठी संस्थान आवद्ध मठ मन्दिरहरुको नित्य पूजाआजा संचालन र संरचना निर्माण एवं मन्दिर व्यवस्थापन समितिको गठन सम्बन्धी कार्यविधि र यसमा देखिएको विवाद समेतका सम्बन्धमा मिति २०८२।२।४ गते गुठी संस्थानका अध्यक्षलाई वोलाई समन्वय गरी सरोकारवालाको बैठक राखी समस्या समाधानका लागि पहल गरेको ।
- नेपालको ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक महत्वको शालिग्राम पाइने नदी कालिगण्डकीको महत्व दर्शाउन र यसको प्रचार प्रसार एवं संरक्षण गर्न लुम्बिनी प्रदेश सरकारको आर्थिक तथा प्राविधिक सहयोग र तानसेन नगरपालिकाको संयोजनमा शालिग्राम महोत्सव, २०८२ रिडी, पाल्पामा मिति २०८२।१।२५ र २६ गते संचालन गर्न समन्वय गरी भूमिका निर्वाह गरी कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहजिकरण गरेको ।
- मिति २०८२।२।२० गते जिल्ला विपद व्यवस्थापन समितिका पदाधिकारी, संघीय सांसदहरु, प्रदेश सभा सदस्यहरु, विषयगत कार्यालय प्रमुखरु, सबै स्थानीय तहहरुका प्रमुख अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतहरु र सम्बद्ध सरोकारवाला संघ संस्था समेतको ८० जनाभन्दा बढीको उपस्थितिमा जिल्ला विपद व्यवस्थापन समितिको बैठक बसी यस जिल्लाको मनसुनजन्य प्रकोप प्रतिकार्य योजना, २०८० स्वीकृत गरी तयार गर्ने, सबै सडकहरु मर्मत गरी चालू अवस्थामा राख्ने, सडकमा पहिरो गै बन्द हुने भएमा तत्काल सुचारु गर्न हेभी इक्विपमेण्ट सहितका यन्त्र उपकरण र जनशक्ति तयारी अवस्थामा राख्ने समेतका महत्वपूर्ण निर्णय गरी वर्षातको समयमा धनजनको क्षति हुन नदिन र सडक अवरुद्ध हुन

नदिन विशेष व्यवस्था मिलाइएको । साथै यस सम्बन्धमा जिल्ला सुरक्षा समितिको सुरक्षा समितिको बैठक, जिल्ला समन्वय प्रमुखकको अध्यक्षतामा सडक डिभिजन प्रमुख सहितको सरोकारवालाको बैठक, यातायात व्यवसायी, ट्राफिक प्रहरी सहित सरोकारवालाको बैठक राखी छलफल गरी सो बमोजिम निर्णय गरिएको र सो निर्णयका आधारमा वर्षातको पानी एवं पहिरोको जोखिमको सम्बन्धमा सडक बन्द गर्नुपर्ने हुंदा यस्ता अवस्थामा सडक यातायातका माध्यवाट सवारी नचलाउन र सुरक्षित यात्रा गर्न अनुरोध गरिएको सूचना सार्वजनिक गरी सो को कार्यान्वयन गर्न सम्बद्ध निकायलाई पत्राचार गरिएको ।

- जिल्लामा काम गर्ने संघ सरकार, प्रदेश सरकार र स्थानीय तहहरुसंग समन्वय गरी छलफल गरी योजना तथा कार्यक्रमहरु समयमै सम्पन्न गर्न प्रयास गरिएको, योजना तथा कार्यक्रमको स्थलगत अवलोकन अनुगमन गरी समयमै आयोजना सम्पन्न गर्न निर्देशन दिइएको ।
- पाल्पा जिल्लामा विद्युतको निरन्तर र नियमित आपूर्तिका लागि कोशे ढुंगा सावित हुने नेपाल विद्युत प्राधिकरण अन्तर्गतको आयोजना बमलिगण्डकी रिडी १३२ के.भी. प्रसारण लाइनको सवस्टेशन निर्माण, टावर र प्रशारण निर्माणका लागि नेपाल सरकारको आवश्यकतानुसार वजेट विनियोजन नभएका कारण आयोजनाको लक्ष्य बमोजिम प्रगति नभएको आयोजना रुग्ण रुपमा रहेकोमा जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा संघीय व्यवस्थापिका सांसद, प्रदेश सांसद, जिल्ला समन्वय समिति, स्थानीय तह प्रमुख, जिल्ला स्थित राजनैतिक दल प्रमुख, निद्युत कार्यालय, सम्बन्धित आयोजना कार्यालय सहितका प्रतिनिधि पदाधिरीको उपस्थितिमा छलफल गरी यस आयोजनालाई पहिलो प्राथमिकतामा राखी बजेट विनियोजन गरिदिन नेपाल सरकार अर्थ मन्त्रालय, उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सिफारिस गरिएकोमा उक्त सिफारिस समेतका आधारमा आ.ब.०८२/०८३ मा पर्याप्त वजेट विनियोजन गरिएको व्यहोरा सम्बन्धित आयोजनावाट जानकारी भएको ।
- नेपाली खानेपानी संस्थान वुटवल खानेपानी आयोजनाका लागि Treatment Plant लगायतका संरचना प्राप्ती गर्न तिनाउ गाउँपालिका वडा नं ३ को उपयुक्त स्थानमा ३० रोपनी निजी जग्गा प्राप्त गर्ने नेपाल सरकारको निर्णय बमोजिम आयोजनाका लागि उपर्युक्त स्थानमा जग्गा उपलब्ध गराउन स्थानीय जग्गा धनीको व्यापक विरोध भएकोमा स्थानीयवासी र गाउँपालिकासंग ३ पटक बैठक बसी फिल्डमा गै समन्वय गरी जग्गा प्राप्तीमा सहजिकरण गरिएको र जग्गा प्राप्ती प्रकृया अगाडी बढाइएको ।

- नागरिकता, राहदानी र राष्ट्रिय परिचय पत्रको सेवा लिन आउने सेवाग्राहीहरुलाई सेवा लिनका लागि लामो समय लाईन लाग्न नपर्ने गरी First come First Out प्रणाली अनुरुप Calling, Display सहितको Electronic Token System लागू गरिएको ।






## २१. तस्वीरहरुः

**लागु औषध दुरुपयोग तथा अवैध ओसार पसार विरुद्धको अन्तराष्ट्रिय दिवस, २०८२ को सप्ताहव्यापी कार्यक्रमः**
















प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठकः














## पाल्पा जिल्लामा संचालित विभिन्न आयोजनाको स्थलगत निरीक्षण अनुगमन



